## सारांश (Executive Summary)

वरुण वहुमुखी क्याम्पस संखुवासभा जिल्लाको खाँदबारी नगरमा वि.सं. २०४३ सालमा स्थापना भएको शैक्षिक संस्था हो । स्थापनाकालमा यस क्याम्पसको नाम पञ्चायत रजत जयन्ती क्याम्पस रहेतापनि समय परिवर्तनसँगै यस क्याम्पसको नाम पनि पवित्र वरुण नदीको नामबाट **वरुण बहुमुखी क्याम्पस** हुन गएको छ । क्याम्पसको स्थापनाका लागि तात्कालीन प्रमुख जिल्ला अधिकारी स्वर्गीय मदन प्रसाद अर्याललले अहम् भूमिका निर्वाह गर्नु भएको थियो । त्यसै गरी स्थानीय अभिभावक, प्रशासक, समाजसेवी, शिक्षक, वुद्धिजिवी, उद्योगी व्यापारी, विद्यार्थी एवं समस्त शिक्षाप्रेमी नागरिक समाजको भूमिका क्याम्पस स्थापनाका लागि अविस्मरणीय छ । दुर्गम क्षेत्रमा रहेका जनताहरुलाई सर्वसुलभ र गुणस्तरीय उच्च शिक्षा प्रदान गर्ने उद्देश्यले जनस्तरबाट स्थापना भएको यस क्याम्पसले सङ्खुवासभा जिल्लाका साथै भोजपुर जिल्लाका पूर्वी भेगका जनताहरुलाई समेत समेट्दछ, र यो क्याम्पसको स्थापनाले एस.इ.ई उत्तिर्ण गरी कक्षा ११ र १२ र सो पश्चातको उच्च शिक्षा हासिल गर्ने अभिलाषा बोकेका तर गरिबीको कारणले खर्च धान्न नसक्ने र परिवार छाडेर बाहिर जान नसक्ने विद्यार्थी, छात्र छात्राहरुलाई उच्च शिक्षा हासिल गर्ने सुवर्ण अवसर प्रदान गरेको छ ।

वरुण बहुमुखी क्याम्पस जनसमुदायबाट संचालित मुनाफारहित सामुदायिक शैक्षिक संस्था हो र त्रिभुवन विश्वविद्यालयवाट मानविकी तर्फ प्रवीणता प्रमाणपत्र तहको अध्ययन अध्यापन गर्ने गरी सम्वन्धन लिई स्थापित यस क्याम्पसले अभिभावक, विद्यार्थी र समयको मागलाई आत्मसात गर्दै मानविकी, शिक्षा र व्यवस्थापन तर्फ स्नातक र शिक्षा शास्त्र सङ्काय तर्फ स्नातकोत्तर तहका विषयहरु अध्ययन अध्यापन गराइरहेको छ । पहाडी र दुर्गम जिल्ला, जनस्तरबाट संचालित क्याम्पस, दीगो आम्दानीका श्रोतको अभाव, विद्यार्थी र अविभावकको बढ्दो माग बमोजिमका विषयहरु, शिक्षकहरुको सङ्ख्या, कक्षाकोठा, पुस्तकालय व्यवस्थापन तथा अन्य भौतिक व्यवस्थापन गर्नु यस क्याम्पसको प्रमुख चुनौतीहरु हुन् ।

समय र वस्तु परिस्थितिको परिवर्तन सँगै मानिसको आवस्यकता, इच्छा र चाहनाहरु पनि परिवर्तन भएका छन् । मानवीय आवश्यकताको आधारमा शिक्षा दिने हाम्रो परिकल्पना अनुसार वरुण वहुमुखी क्याम्पसको शैक्षिक, भौतिक र आर्थिक सबलता र यस क्याम्पसको उचित दिशा निर्देशका लागि ५ वर्षे दूरदृष्टि (Vision_, उद्देश्य (Objectives) र रणनीति (Strategy) सहितको योजना कार्यक्रम तर्जुमा गरी वरुण बहुमुखी क्याम्पसले रणनैतिक योजना (Strategic plan 2022 to 2027) निर्माण गरेएको छ । यस रणनैतिक योजनाले लक्षित गरेको परिकल्पनामा पुग्न र योजना कार्यक्रमहरु सम्पन्न गर्ने र विश्वविद्यालय अनुदान आयोगको सहकार्यमा गुणस्तरिय प्रत्ययन (QAA) प्रकृया कालागि कार्य अगाडी वढि रहेको छ । क्याम्पस तथा क्याम्पस सम्वद्ध सरोकारवाला निकायहरु शैक्षिक उन्नयन र क्याम्पसको सर्वाङ्गिण विकासमा लागिपरेको अवस्था रहेकोछ ।

टीकाराम गुरुङ
क्याम्पस प्रमुख
वरुण बहुमुखी क्याम्पस
२०७९ मार्ग १९

# विषयसूची


| सि.नं. | शिर्षक | पेज नं. |
|---|---|---|
| १. | परिचय (Background) | |
| १.१ | ऐतिहासिक पृष्ठभूमि | १-४ |
| १.२ | क्याम्पसलाई भूमी दान गरि सहयोग | ४-४ |
| १.३. | क्याम्पस व्यवस्थापन तथा सुशासन | |
| | क्याम्पस सभा, संचालक समितिको संरचना एवं क्याम्पस संचालक समितिको व्यवस्था | ४-५ |
| १.४. | वरुण बहुमुखी क्याम्पस संचालक समितिको नामावली | ५-६ |
| १.५. | क्याम्पसको शुसासनकालागि विभिन्न उपसमितिहरुको गठन | ६-६ |
| १.६. | सल्लाहकार सदस्यको व्यवस्था | ६-७ |
| १.७. | संरक्षकहरुको व्यवस्था | ७-७ |
| १.८. | पारदर्शिता व्यवस्थापनकालागि लेखा परीक्षण | ७-७ |
| अध्याय २ | | |
| | क्याम्पसको शैक्षिक प्रगति विश्लेषण | |
| २.१. | क्याम्पसमा सञ्चालित शैक्षिक कार्यक्रमहरु | ८-८ |
| २.२. | हाल सम्मको मौजुद विद्यार्थी विवरण | ८-९ |
| २.३. | शिक्षक /प्राध्यापक तथा कर्मचारीहरुको विवरणः | ९-१० |
| २.४. | शैक्षिक गुणस्तर वृद्धि र अध्ययन अध्यापनलाई व्यवस्थित गर्नकालागि विभिन्न विभागहरुको गठन | ११-११ |
| अध्याय ३. | | |
| क्याम्पसको शैक्षिक तथ्याङ्क विश्लेषण (विद्यार्थी भर्ना, तहगत उत्तिर्ण, र तहपार गर्ने विद्यार्थी विवरण) | | |
| ३.१. | शैक्षिक सत्र २०७५/०७६ मा विद्यार्थी भर्नाको अवस्था विश्लेषण | १२-१३ |
| ३.२. | तहगत रुपमा विगत ३ बर्षमा नियमित विद्याथीहरुको उत्तिर्ण स्थिती | १३-१४ |
| ३.३. | ग्राजुयट (क्याम्पसवाट तह पार गरी जाने) विद्यार्थी विवरण | १५-१६ |
| ४.४. | शैक्षणिक पद्धति/विधि | १६-१७ |
| अध्यय ४ भौतिक प्रगति | | |
| ४.१. | पूर्वाधार विकास | १८-२० |
| ४.२. | समन्वयात्मक कार्यक्रमहरु : | |

| | | |
|---|---|---|
| १. | स्थानीय निकायलाई क्वारेन्टाइन संचालन | २०-२० |
| २. | क्याम्पस प्राध्यापक संघ इकाई समिति गठन | २०-२० |
| ३. | स्वतन्त्र विद्यार्थी यूनियनको गठन र संचालन | २०-२० |
| ४. | युवा रेडक्रस सर्कल वरुण बहुमुखी क्याम्पस | २०-२१ |
| ५. | सगरमाथा टिन्स क्लव | २१-२१ |
| ६. | विभिन्न संस्थाहरु विच समन्वय | २१-२१ |
| ७. | तालिम कार्यक्रममा सहभागिता एवं अध्ययन अवलोकन भ्रमण | २१-२१ |
| ८. | अनुसन्धान पद्धति तालिम कार्यक्रमको आयोजना | २१-२१ |
| ४.३. | छात्रवृत्ति तथा शुल्क सहुलियत कार्यक्रम | २१-२२ |
| ४.४. | अन्य छात्रवृत्तिहरु | २२-२३ |
| ४.५. | वरुण बहुमुखी क्याम्पसको आर्थिक व्यवस्थापन | २३-२४ |

अध्याय ५.

| | | |
|---|---|---|
| | विश्वविद्यालय अनुदान आयोग तथा अन्य संस्थाहरुको सम्वन्वयमा संचालित गतिविधिहरु | |
| | उच्च शिक्षा सुधार परियोजना (HERP) कार्यक्रममा छनौट तथा कार्यसंचालन | २५-२५ |
| १. | विश्वविद्यालय अनुदान आयोगको उच्च शिक्षा परियोजनामा सहभागि | २५-२५ |
| २. | वरुण बहुमुखी क्याम्पसको रणनैतिक योजना निर्माण र कार्यान्वयन | २५-२६ |
| ३. | गुण स्तरिय सुधार सुनिश्चितता कार्यक्रममा सहभागिता (QAA) | २६-२६ |

अध्याय ६

| | | |
|---|---|---|
| | वरुण बहुमुखी क्याम्पसको भावी कार्ययोजना/अवसर र चुनौतिहरु | |
| ६.१. | भौतिक विकास | २७-२७ |
| ६.२. | शैक्षिक विकास | २७-२८ |
| ६.३. | मानवीय संसाधन विकास | २८-२९ |
| ६.४. | खेलकुद विकास | २९-२९ |
| ६.५. | विद्यार्थी क्षमता अभिवृद्धि विकास कार्यक्रम | २९-२९ |
| ६.६. | सुल्क सहुलियत एवं सछात्रबृत्ति कार्यक्रम | २९-२९ |
| ६.७. | अतिरिक्त पाठ्यक्रम निर्माण | ३०-३० |

अध्याय ७

अन्य विकासात्मक रणनिति

७.१ स्रोत व्यवस्थापन/परिचालन ३१-३१

७.२. समन्वय र सहकार्यः ३१-३१

७.३. क्याम्पसमा समाजको सहभागिता तथा सामाजिक उत्तरदायित्व बडाउने योजना ३२-३२

अध्यय ८

क्याम्पसको अवसर, चुनौती र सुझावहरु

८.१ अवसरहरु ३३-३४

८.२ समस्या र चुनौतिहरु ३४-३४

८.३. सुझावहरु तथा समाधानका उपायहरु ३५-३५

अध्याय ९

आर्थिक प्रगति तथा विश्लेषण ३६-३६

अध्यय १०

वरुण बहुमुखी क्याम्पसको आ.व.२०७८/०७९ को अनुमानित आयव्यय विवरण ३७-३७

अनुसुची १ आ.व. २०७७/०७८ को लेखा परीक्षण प्रतिवेदन

अनुसूची २ आ.व. २०७८/०७९ को अनुमानित वार्षिक वजेट तथा कार्यक्रमहरु

अनुसुची ३ ०७८/०७९ को विद्यार्थी शुल्क विवरण (विगत २०७६ देखि हाल सम्म कुनै शुल्क वृद्धि नगरिएको)

अनुसुची ४ आमसभाको उपस्थिति तथा निर्णय

# वरुण बहुमुखी क्याम्पसको आ.व.२०७८/०७९ को प्रगति एवं आ.व. २०७९/०८० को प्रस्तावित योजना कार्यक्रम

## अध्याय १



**प्रतिवेदन प्रस्तोता**
**टीकाराम गुरुङ क्याम्पस प्रमुख**

## परिचय (Background)

### १.१ ऐतिहासिक पृष्ठभूमि

प्रदेश नं १ को सङ्खुवासभा जिल्लाको सदरमुकाम मकालु हिमश्रृंखलाको काखमा अवस्थित सुन्दर नगर खादबारीमा वि.सं. २०४३ सालमा स्थानीय बुद्धिजीवि, समाजसेवी, शिक्षक, कर्मचारी उद्योगी व्यापारीहरु, कृषकहरुको संयुक्त प्रयासमा वरुण बहुमुखी क्याम्पसको स्थापना हुनगएको थियो । स्थापनाकालमा यो क्याम्पसको नाम पंचायत रजत जयन्ती क्याम्पस को नाममा स्थापना भएको थियो । यस नाम प्रति तत्काल विभिन्नि क्षेत्रबाट ब्यापक असन्तुस्टि एवं असहमति र जनगुनासो पछि क्याम्पसको नाममा संसोधनको प्रस्ताव पेश भई यसको नाम पवित्र वरुणनदीको नामबाट **वरुण बहुमुखी क्याम्पस** राखीएको थियो । यस क्याम्पसको स्थापनाकालागि तत्कालिन प्रमुख जिल्ला अधिकारी स्वर्गीय मदन प्रसाद अर्यालले अहम् भूमिका निर्वाह गर्नु भएको थियो । त्यसै गरी स्थानीय अगुवा अभिभावक, प्रशासक, समाजसेवी, शिक्षक, वुद्धिजिवी, उद्योगी व्यापारी, विद्यार्थी एवं समस्त शिक्षाप्रेमी नागरिक समाजको भूमिका क्याम्पस स्थापनाका लागी अविस्मरणीय रहेकोछ । देशको दुर्गम क्षेत्रमा रहेका जनताहरुलाई सर्वसुलभ र गुणस्तरिय उच्च शिक्षा प्रदान गर्ने उद्देश्यले जनस्तरबाट स्थापित भएको सामुदायिक र मुनाफा रहित शैक्षिक संस्थाको रुपमा स्थापना भएको हो । यस क्याम्पसले सङ्खुवासभा जिल्लाका एवं भोजपुर जिल्लाका उत्तर पूर्वी भेगका जनताहरुलाई प्रत्यक्ष सेवा प्रवाह गरि उच्च शिक्षाको मुल प्रवाहामा सामेल गरेको् छ । यस क्याम्पसको स्थापनाले एस.इ.ई उत्तिर्ण गरी कक्षा ११ र १२ अध्ययन गर्न र कक्षा ११ र १२ उत्तिर्ण पश्चातको उच्च शिक्षामा समाज विज्ञानका विषयहरु शिक्षाशास्त्र, मानविकि, र व्यवस्थापन विषय क्षेत्रका विश्वविद्यालय स्तरिय शिक्षा हासिल गर्ने अभिलाषा बोकेका तर सामाजिक, आर्थिक कारणले घरगाउँ छोड्न नसक्ने तथा खर्चले धान्न नसक्ने र परिवार छाडेर बाहिर जान नसक्ने अवस्थाका र शिक्षाको राष्ट्रिय मुलधारमा समेट्न नसकिएको छात्र छात्राहरुलाई उच्च शिक्षा हासिल गर्ने सुवर्ण अवसर प्रदान गरेको छ । साथै नेपाल सरकारको त्रिभूवन विश्वविद्यालयले सेवा दिन नसकेको देशको दुरदराज पहाडी एवं हिमाली क्षेत्रमा स्थापित भएर शैक्षिक

सेवा प्रवाह गरिरहेको एक महत्वपूर्ण शैक्षिक संस्था हो ।

क्याम्पसको स्थापनाकालमा आफ्नै भवन, कक्षाकोठा, फर्निचर एवं अन्य आवस्यक भौतिक पुर्वाधारको अभावले ग्रस्त रहेको थियो । त्यस अवस्थामा यस क्याम्पस श्री हिमालय माध्यमिक विद्यालय खादबारीमा स्थापित हुन पुग्यो । त्यस वखत विद्यालयकै कक्षाकोठाहरु र भौतिक सामग्रीहरु प्रयोग गरी अध्ययन अध्यापनको थालनी गरिएको थियो । क्याम्पस भवन एवं अन्य आवस्यकिय भौतिक पूर्वाधारको व्यवस्था गर्न तत्कालिन जिल्ला पञ्चायत सभापति स्वर्गिय शिव कुमार गौलीले सहयोग गर्नु भएको थियो भने नगरविकास कोषबाट भवन निर्माण अनुदान सहयोग उपलब्ध गराउन तत्कालिन खाँदवारी नगरपालिकाका मेयर स्वर्गिय किरण शाक्यको भूमीका अत्यन्त महत्वपूर्ण रहेको थियो । यस क्याम्पसको ३७औ वार्षिकोत्सव तथा अभिभावक दिवस समारोहको पावन अवसरमा क्याम्पसको स्थापनमा पहलकदमी गर्नु हुने संस्थापक, सहयोगी सम्पूर्ण महानुभावहरु प्रति हार्दिक नमन गर्न चाहन्छु ।

वरुण बहुमुखी क्याम्पस जनसमुदायबाट संचालित मुनाफारहीत सामुदायिक शैक्षिक संस्था हो र त्रिभुवन विश्वविद्यालयवाट मानवीकि तर्फ प्रविणता प्रमाणपत्र तहको अध्ययन अध्यापन गर्ने गरी सम्वन्धन लिई स्थापित यस क्याम्पसले अभिभावक, विद्यार्थी र समयको मागलाई आत्मसात गर्दै मानवीकि, शिक्षाशास्त्र संकाय र व्यवस्थापन संकायमा स्नातक तहहरुको समेत सम्वन्धन लिई अध्ययन अध्यापन भइरहेको अवस्थामा अभिभावक एवं विद्यार्थीहरुका परिवर्तित रुची चाहना, माग एवं समय सापेक्ष वि.सं. २०५१ देखि कक्षा ११ र १२ को कक्षाहरु उच्च माध्यमिक शिक्षा परिषदवाट थप सम्वन्धन लिनुका साथै शिक्षा शास्त्र संकाय तर्फ स्नातकोत्तर (अंग्रेजी, इ.पि.एम, स्वास्थ्य शिक्षा र नेपाली) तहका विषयहरुको सम्वन्धन लिई अध्ययन अध्यापन गराइरहेको छ । उच्च माध्यमिक शिक्षा परिषदबाट दश जोड दुई, र पहाडी र दुर्गम जिल्ला, जनस्तरबाट संचालित क्याम्पस, सिमित आम्दानीका श्रोतहरुमा विद्यार्थी र अविभावकको बढ्दो माग बमोजिमका विषयहरु, शिक्षकहरुको संख्या, कक्षाकोठा, पुस्तकालय तथा अन्य भौतिक व्यवस्थापन गर्नु निक्कै चुनौतीपूर्ण कार्य भए पनि समय अनुसार धेरै कार्यहरु पनि सम्पन्न भएका छन् र यस्ता समस्याहरु समाधानका लागि सहयोग गर्नुहुने विद्यार्थी, प्राध्यापक, अविभावक, समाजसेवी, वुद्धिजीवि, शिक्षाप्रेमी, उद्योगी व्यापारी, राजनैतिक दलहरु, स्वतन्त्र विद्यार्थी यूनियन, युवा रेडक्रश सोसाइटी, खाँदवारी नगरपालिका, जिल्ला समन्वय समिति संखुवासभा, नेपाल ग्रामिण पुन निर्माण संस्था, त्रिभुवन विश्वविद्यालय, उच्च माध्यमिक शिक्षा परिषद/राष्ट्रिय परीक्षा वोर्ड, विश्व विद्यालय अनुदान आयोग तथा अन्य सरकारी एवं गैरसरकारी संघसंस्थाहरुको भूमिका अत्यन्त

महत्वपूर्ण रहेको छ र आगामी दिनहरुमा पनि यस्ता समस्यहरुलाई सामुहिकरुपमा समाधान गर्न सम्पूर्ण तहबाट उल्लेखनीय योगदान पुग्ने छ भन्ने आशा गरिएको छ ।

समय र वस्तु परिस्थितीको परिवर्तन संगै मानिसको आवस्यकता इच्छा र चाहनाहरु पनि परिवर्तन भएका छन् र मानविय आवश्यकताको आधारमा शिक्षा दिने हाम्रो परिकल्पना अनुसार वरुण बहुमुखी क्याम्पसको शैक्षिक, भौतिक र आर्थिक सवलता र यस क्याम्पसको उचित दिशा निर्देशकालागि ५ वर्षे दुरदृष्टि (Vision), उद्देश्य (Objectives) र रणनीति (Strategy) सहितको योजना कार्यक्रम तर्जुमा गरी वरुण बहुमुखी क्याम्पसले रणनैतिक योजना (Strategic plan 2022 to 2027) निर्माण गरिएको र सो रणनीतिक योजनाको पुनरावलोकन गरि २०२१ देखि २०२६ पुन नयाँ निर्माण गरिएकोछ । यस रणनैतिक योजनाले लक्षित गरेको परिकल्पनामा पुग्न र योजना कार्यक्रमहरु सम्पन्न गर्न सम्वन्धित सरोकारवाला संघ संस्थाहरु, सरकारी, गैह्र सरकारी निकाय एवं सम्पूर्ण शिक्षाप्रेमी अभिभाकहरुसंग सकृयताका साथ सहयोग एवं समन्वयात्मक भूमीका निर्वाह गरि रहेको अवस्था रहेकोछ ।

**वरुण बहुमुखी क्याम्पसका संस्थापक सदस्यहरु**

यसै सन्दर्भमा वरुण बहुमुखी क्याम्पसको परिकल्पना गरी क्याम्पसको स्थापना गर्न पहलकदमी गर्नु हुने संस्थापक शिक्षा प्रेमी, समाजसेवी अभिभावक महानुभावहरुको नामावली याहा उल्लख गर्न चाहन्छु ।

१. श्री सूर्य बहादुर सेनओली, तात्कालीन कोशी अञ्चलाधिस
२. स्व. मदनप्रसाद अर्याल, तात्कालीन प्र.जि.अ. संखुवासभा
३. स्व. षडराज अधिकारी, तत्कालिन मनकामना २ समाजसेवी शिक्षा प्रेमी
४. श्री श्यामसुन्दर उदाष, तत्कालिन मनकामना २ समाजसेवी व्यापारी
५. स्व. कृष्ण अधिकारी, तत्कालीन मनकामना २ समाजसेवी
६. स्व. कृष्ण गोपाल श्रेष्ठ, मनकामना २ समाजसेवी
७. स्व. कृष्ण भगत श्रेष्ठ, पाङ्मा मानेभञ्ज्याङ्ग समाजसेवी व्यापारी
८. स्व. समशेरवहादुर राई, प्रधानपंच तत्कालिन पाङ्मा गा.प
९. श्री जनक थापा, तत्कालीन शित्तलपाटी
१०. स्व. जगत शाक्य, खाँदवारी १
११. स्व. धर्म प्रसाद थपलिया, खाँदवारी १

१२. श्री अनन्त गौली, खाँदवारी १

१३. श्री सरोज वज्राचार्य, खाँदवारी १

१४. श्री हरिश्वर थापामगर, खाँदवारी ९ ढुंगेधारा

१५. श्री लाल बहादुर गुरुङ्ग, खाँदवारी ३ मानेभञ्ज्याङ्ग

१६. श्री हरी बहादुर कार्की, खाँदवारी १

१७. श्री युवराज शाक्य, खाँदवारी १

१८. स्व. लक्ष्मी गुरुङ्ग, खाँदवारी ३ मानेभञ्ज्याङ्ग

१९. श्री जंगबहादुर प्रसाद ठाकुर, निवृत्त प्र.अ. हि.मा.वि खाँदवारी

२०. श्री लालमणि अधिकारी संस्थापक क्याम्पस प्रमुख

## १.२ क्याम्पसलाई भूमी दान गरि सहयोग

शैक्षिक विकास नै मानविय विकासको प्रमुख आधार हो, शिक्षाले मात्र मानिसलाई परिस्कृत गर्दै समाज योग्य नागरिकको विकास गर्दछ र समाजको विकासमा सकारात्मक परिवर्तन गरि सभ्य र समुन्नत समाज निर्माण गर्न शैक्षिक व्यक्तित्वहरुवाट मात्र सम्भव छ भन्ने सत्यतालाई हृदयङ्गम गरि यस वरुण बहुमुखी क्याम्पसलाई भूमी दान गर्ने दानवीर जग्गादाता महानुभावहरुको नामावली देहाय अनुसार रहेको छ ।

**क्याम्पसलाई भूमीदान गर्नहुने महानुभावहरु**

| | |
|---|---|
| १. इन्द्र गिरी : | खाँदवारी नगरपालिका ८ |
| २. जितबहादुर भट्टराई : | खाँदवारी नगरपालिका ८ |
| ३. बद्रिनारायण गिरी : | खाँदवारी नगरपालिका ८ |
| ४. दिपक भण्डारी : | खाँदवारी नगरपालिका ८ |
| ५. खड्गबहादुर पाण्डे : | खाँदवारी नगरपालिका ८ |

जग्गा दाताहरुले उपलव्ध गराएको र क्याम्पसले खरिद गरी हाल क्याम्पसको नाममा कुल ११० रोपनी जग्गा र ३० कोठा भएको ९ वटा भवनमा अध्ययन अध्यापन भएको छ भने अन्य १ भवनमा सभाहल रहेकोछ । १ वटा भवनमा छात्रवास संचालनमा रहेको छ र अन्य ५ वटा भवनमा वरुणसेकेण्डरी स्कुल संचालनमा रहेको छ ।

## १.३. क्याम्पस व्यवस्थापन तथा सुशासन

### क्याम्पस सभा, संचालक समितिको संरचना एवं क्याम्पस संचालक समितिको व्यवस्था

वरुण बहुमुखी क्याम्पसलाई व्यवस्थित रुपमा संचालन गर्न क्याम्पसको विधान निर्माण गरी त्रिभुवन विश्वविद्यालय उपकुलपतिको कार्यालय योजना निर्देशनालयवाट स्वीकृती प्राप्त भएकोछ र विधान वमोजिम क्याम्पसको सर्वोच्च निकायको रुपमा क्याम्पस सभा हुने व्यवस्था वरुण बहुमुखी क्याम्पसको नयाँ स्वीकृत विधान २०५५ दोस्रो संसोधन २०७६ को परिच्छेद (३) मा उल्लेख गरिएको छ भने क्याम्पस सभाको निर्णय अनुसार विधानको परिच्छेद ४ मा क्याम्पस संचालक समितिको व्यवस्था गरिएको छ । विधान अनुसार कम्तीमा ११ जना र बढीमा २५ जना सम्म सदस्यहरु संचालक समितिमा रहने व्यवस्था रहेको छ र सो व्यवस्था अनुसार हाल संचालक समितिको संरचना निम्नानुसार छ :

| सि.नं | नाम | पद |
|---|---|---|
| १. | संचालक समितिवाट निर्वाचित १ जना | अध्यक्ष |
| २. | जिल्ला समन्वय समिति प्रमुख | पदेन सदस्य |
| ३. | प्रमुख जिल्ला अधिकारी | पदेन सदस्य |
| ४. | खाँदबारी नगरपालिकाका प्रमुख | पदेन सदस्य |
| ५. | शिक्षा विकास तथा समन्वय इकाई प्रमुख | पदेन सदस्य |
| ६. | संचालक समितिको निवर्तमान अध्यक्ष | पदेन सदस्य |
| ७. | सम्वन्धित वडाको वडा अध्यक्ष | पदेन सदस्य |
| ८. | संखुवा सभा उद्योग वाणिज्य संघका सभापति | पदेन सदस्य |
| ९. | चेम्वर्स अफ कमर्स संखुवासभाका अध्यक्ष | पदेन सदस्य |
| १०. | प्राध्यापक प्रतिनिधि/प्राध्यापक संघ इकाई समितिका सभापति | पदेन सदस्य |
| ११. | स्वतन्त्र विद्यार्थी युनियनका सभापति वरुण ब.क्याम्पस | पदेन सदस्य |
| १२. | त्रि.वि. प्रतिनिधि | त्रि.वि.वाट मानोनित |
| १३. | संस्थापक, अभिभावक, समाजसेवी, शिक्षाप्रेमी तथा बुद्धिजीविहरु मध्येबाट क्याम्पस सभावाट निर्वाचित गरेका १३ जना | मनोनित सदस्यहरु |
| १४. | क्याम्पस प्रमुख | सदस्य सचिव |

उपरोक्त संरचना अनुसार संचालक समितिको निर्माण हुन वाँकी रहेको र क्याम्पसको साधारणसभा सम्पन्न भए पछि मात्र सो अनुसार हुनेछ हाल देहाय अनुसारको संचालक समिति रहेको छ ।

## १.४. वरुण बहुमुखी क्याम्पस संचालन विधान २०५५ दोस्रो संसोधन २०७६ अनुसार गठित संचालक समितिको नामावली

| क्र.स | नाम | पद | कैफियत |
|---|---|---|---|
| १. | श्री मुरारी प्रसाद खतिवडा | अध्यक्ष | समाजसेवी शिक्षाप्रेमी |
| २. | श्री शुमन शाक्य | सदस्य | प्रमुख, जिल्ला समन्वय समिति |
| ३. | श्री | सदस्य | प्रमुख जिल्ला अधिकारी |
| ४. | श्री महेश थपलिया | सदस्य | खाँदवारी नगरपालिका प्रमुख |
| ५. | श्री केशव भट्टराई | सदस्य | शिक्षा विकास समन्वय इकाई |
| ६. | श्री दलवहादुर वि.क | सदस्य | नि.वर्तमान अध्यक्ष |
| ७. | श्री कृष्ण भगत प्रधान | सदस्य | उद्योग वाणिज्य संघ (अध्यक्ष) |
| ८. | श्री अनन्त कुमार गौली | सदस्य | समाजसेवी शिक्षाप्रेमी |
| ९. | श्री इन्दिरा मिश्र (चेतना) | सदस्य | समाजसेवी शिक्षाप्रेमी |
| १०. | श्री उषा कार्की | सदस्य | समाजसेवी शिक्षाप्रेमी |
| ११. | श्री गोमा दाहाल | सदस्य | समाजसेवी शिक्षाप्रेमी |
| १२. | श्री जीतबहादुर घिमिरे | सदस्य | समाजसेवी शिक्षाप्रेमी |
| १३. | श्री डिल्लिराम श्रेष्ठ | सदस्य | समाजसेवी शिक्षाप्रेमी |
| १४. | श्री नेत्र प्रसाद रेग्मी | सदस्य | समाजसेवी शिक्षाप्रेमी |
| १५. | श्री महेश थपलिया | सदस्य | समाजसेवी शिक्षाप्रेमी |
| १६. | श्री राज कुमार श्रेष्ठ | सदस्य | समाजसेवी शिक्षाप्रेमी |
| १७. | श्री सुमन शाक्य | सदस्य | समाजसेवी शिक्षाप्रेमी |
| १८. | श्री हरी कुमार कटुवाल | सदस्य | समाजसेवी शिक्षाप्रेमी |
| १९. | श्री कृष्णबहादुर अधिकारी | सदस्य | पाध्यापक प्रतिनिधि |
| २०. | श्री इच्छापूर्ण राई | सदस्य | त्रि.वि. प्रतिनिधि, (ध.व.क्याम्पस) |
| २१. | श्री शुरेश थापा | सदस्य | स्व.वि.यू सभापति |
| २२. | श्री टीकाराम गुरुङ्ग | सदस्य सचिव | क्याम्पस प्रमुख |

## १.५. क्याम्पसको शुसासनकालागि विभिन्न उपसमितिहरुको गठन

वरुण बहुमुखी क्याम्पसको शैक्षिक, भौतिक आर्थिक विकास एवं शुसासन र पारदर्शिताका लागि क्याम्पस संचालन नियमावलि को २०५५ दोस्रो संसोधन २०७६ अनुसार देहायका उपसमितिहरुको व्यवस्था रहेकोछ ।

क) छात्रवृत्ति समिति

ख) शैक्षिक अनुगमन तथा मूल्याङ्कन उपसमिति

ग) छनौट तथा पद पुर्ति उपसमिति

घ) लेखा परीक्षण उप समिति (आन्तरिक)

ङ) खरिद तथा निर्माण उप समिति

### १.६. सल्लाहकार सदस्यको व्यवस्था

क्याम्पसको शैक्षिक, आर्थिक, र भौतिक पक्षको उन्नयनमा महत्वपूर्ण सहयोगको गर्नुहुने एवं वरुण बहुमुखी क्याम्पस संचालन नियमावलि २०५५ दोस्रो संसोधन २०७६ परिच्छेद ४ को ९ अनुसार तपशिल अनुसारका व्यक्ति तथा संस्थाहरु सल्लाहाकारको व्यवस्था गरेको छ ।

क) संखुवासभा जिल्लावाट प्रतिनिधित्व गर्ने संघिय तथा प्रदेश सभाका सदस्यहरु

ख) राष्ट्रिय मान्यता प्राप्त राजनैतिक दलका प्रमुखहरु

ग) शिक्षाप्रेमी, वुद्धिजीवि, चन्दादाता, पूर्व पदाधिकारीहरु एवं लब्ध प्रतिष्ठित व्यक्तिहरु

घ) सहयोगी सरकारी गैह्र सरकारी संघ संस्थाहरु

### १.७. संरक्षकहरुको व्यवस्था

वरुण बहुमुखी क्याम्पस संचालक समितिको निर्णय अनुसार क्याम्पसलाई न्यूनतम रु. ५०,०००/– वा सो भन्दा माथि रकम उपलव्ध गराउनु हुने, भौतिक पूर्वाधार निर्माण गर्नुहुने वा भौतिक सामग्री प्रदान गर्नुहुने व्यक्ति वा संस्थालाई संरक्षकको सम्मान दिने क्याम्पसमा फोटो राख्ने व्यवस्था समेत रहेको छ ।

### १.८. पारदर्शिता व्यवस्थापनकालागि लेखा परीक्षण

क्याम्पस संचालन विधानले नै क्याम्पसको आय व्यय तथा लेखा प्रणालीलाई चुस्त दुरुस्त राख्न आन्तरिक लेखा परीक्षण समिति गठनको प्रावधान राखेको छ । आन्तरिक लेखा परिक्षण पछि मात्र बाह्य (म.ले.प.) गर्ने प्रावधान रहेको छ र सो लेखा व्यवस्थालाई सार्वजनिकरण गर्न वार्षिक रुपमा वरुणदर्पण प्रकाशन गरी क्याम्पसको वार्षिकोत्सव समारोहमा वितरण गरिने प्रावधान रहेको छ ।

आन्तरिक लेखा परीक्षणकालागि वरुण बहुमुखी क्याम्पसको विधानमा निम्नानुसारको व्यवस्था रहेको छ सो समितिको प्रतिवेदन पश्चातमात्र अन्तिम लेखा परीक्षणको कार्य हुनेछ ।

क) संचालक समितिको सदस्यहरु मध्ये १ जना संयोजक (संचालक समितिले तोकेको)

ख) संचालक समितिले तोकेको कुनै २ जना सदस्य

# अध्याय २. क्याम्पसको शैक्षिक प्रगति विश्लेषण

## २.१. क्याम्पसमा सञ्चालित शैक्षिक कार्यक्रमहरु :

यस क्याम्पस २०४३ सालमा स्थापना हुँदा प्रविणता प्रमाण पत्र तहको अध्ययन अध्यापन गर्ने गरी त्रिभुवन विश्वविद्यालयवाट सम्वन्धन प्राप्त गरी संचालन भएको थियो । स्थानीय आवस्यकता, माग र जनचाहना अनुसार समयसापेक्षा यस क्याम्पसले विभिन्न संकायका विभिन्न विषयहरु एवं तहहरुको थप सम्वन्धन लिई शैक्षिक कार्यक्रम संचालन गर्दै आएकोछ । हाल सम्म तपशिलका संकाय र विषयहरु स्वीकृति गरि संचालनमा रहेको छ ।

**त्रिभुवन विश्वविद्यालयवाट सम्वन्धन प्राप्त गरी संचालित शैक्षिक कार्यक्रमहरु**

| क्र.स | शैक्षिक कार्यकम | सम्वन्धन | साल | कैफियत |
|---|---|---|---|---|
| १ | प्रविणता प्रमाण-पत्र तह | त्रि.वि.वि. | २०४३ | २०६२ वाट फेजआउट |
| २ | स्नातक तह (मानविकी संकाय) | त्रि.वि.वि. | २०४५ | |
| ३ | स्नातक तह (शिक्षा शास्त्र संकाय) | त्रि.वि.वि. | २०५७ | |
| ४ | एक वर्षे वी.एड. | त्रि.वि.वि. | २०६२ | |
| ५ | स्नातक तह (वाणिज्य शास्त्र संकाय) | त्रि.वि.वि. | २०६३ | |
| ६ | स्नातकोत्तर शिक्षा (अंग्रेजी र इ.पि.एम) | त्रि.वि.वि. | २०६४ | |
| ७ | स्नातकोत्तर शिक्षा (नेपाली र स्वास्थ्य शिक्षा) | त्रि.वि.वि. | २०६५ | २०७४ देखि सेमेस्टर प्रणाली |

यसै गरी स्थानीय आवस्यकता जनचाहना र समयासापेक्ष शैक्षिक कार्यक्रमहरुमा भएको परिवर्तन अनुसार प्रविणता प्रमाण पत्र तह को शैक्षिक कार्यक्रम फेजआउट भए पश्चात उच्च माध्यमिक शिक्षा/रा.शि.वोर्डको सम्वन्धनमा कक्षा ११ र १२ कक्षा २०५१ सालवाट संचालन भई रहेकोछ ।

| क्र.स | शैक्षिक कार्यकम | सम्वन्धन | साल | कैफियत |
|---|---|---|---|---|
| १ | कक्षा ११ र १२ (मानविकि, व्यवस्थापन र शिक्षा शास्त्र) | रा.शि.प. | २०५१ | |

क्याम्पसले स्थानीय आवस्यकतालाई मध्यनजर गरी २०५१ सालमा तात्कालिन उच्च माध्यमिक शिक्षा परिषदवाट सम्वन्धत लिई शिक्षा, व्यवस्थापन र मानविकि संकाय अन्तरगत कक्षा ११ र १२ संचालन गर्दै आएको छ । उपर्यूक्त स्वीकृत शैक्षिक कार्यकमहरुमध्ये प्रवीणता प्रमाण-पत्र तह शैक्षिक वर्ष २०६२/०६३ देखि हटाइएको छ । यसै गरी स्थानीय आवस्यकता र माग वमोजिम २०६४ साल वाट शिक्षा शास्त्र संकाय अन्तरगत स्नातकोत्तर (एम.एड) स्वीकृत प्राप्त गरी संचालनमा रहेकोछ । हाल उक्त स्नातकोत्तर तहको कार्यक्रम सेमेस्टर प्रणाली अनुसार संचालन भई आएको छ ।

## २.२. हाल सम्मको मौजुद विद्यार्थी विवरण

यस शैक्षिक सत्र २०७९/०८० को स्नातक तह र स्नातकोत्तर तह प्रथम वर्षको भर्ना अभियान संचालन भई रहेता पनि २०७९ मंसिर सम्ममा यस क्याम्पसको स्नातक र स्नातकोत्तर तहमा कुल ७०२ छन् भने र कक्षा ११ र १२ मा ३९२ गरी कुल १०९४ जना विद्यार्थीहरु भर्ना भई अध्ययनरत रहेका छन् ।

**आ.व. ०७९/०८० अनुमानित विद्याथी संख्या**

| क.स | कक्षा | संख्या |
|---|---|---|
| १. | वि.ए.प्रथम | १६ |
| २. | वि.ए.द्वितिय | १८ |
| ३. | वि.ए.तृतिय | २७ |
| ४. | वि.ए.चौथो | ५ |
| ५. | वि.एड.प्रथम | ८६ |
| ६. | वि.एड.द्वितिय | ११२ |
| ७. | वि.एड.तृतिय | १३५ |
| ८. | वि.एड.चतुर्थ | ६५ |
| ९. | वि.वि.एस.प्रथम | ४८ |
| १०. | वि.वि.एस.द्वितिय | ५४ |
| ११. | वि.वि.एस.तृतिय | ७३ |
| १२. | वि.वि.एस.चतुर्थ | २६ |
| १३. | एम.एड.प्रथम से. | २२ |
| १४. | एम.एड.द्वितिय से | आंशिक मात्र |
| १५. | एम.एड.तृतिय से | आंशिक मात्र |
| १६. | एम.एड.चौथो से | १५ |
| १७. | एक वर्षे विं.एड | |
| | जम्मा | ७०२ |

क्याम्पसले २०५१ साल देखि तात्कालिन उच्च माध्यमिक शिक्षा परिषद र हाल राष्ट्रिय परिक्षा वोर्डवाट सम्वन्धन प्राप्त गरि शिक्षा, ब्यवस्थापनका र मानविकिका विषयहरुको अध्ययन अध्यापन हुने गरी कक्षा ११ र १२ समेत संचालनमा ल्याएको छ यस वर्ष २०७९ मा सो तहमा कुल ३९२ विद्यार्थीहरु अध्ययनरत रहेकाछन् । सो को विद्यार्थी विवरण यस प्रकार रहेको छ ।

**कक्षा ११ र १२ का माध्यमिक शिक्षा/रा.शि.वोर्ड तर्फको विद्यार्थी विवरण**

| **क.स** | **कक्षा** | **संख्या** | **कैफियत** |
|---|---|---|---|
| १ | कक्षा ११ | **२००** | |
| २ | कक्षा १२ | **१९२** | |
| जम्मा | | **३९२** | |

*आ.व. २०७९ को नयाँ भर्ना खुली भर्ना भई रहेको तर सो विद्यार्थीहरु यस तथ्याङ्मा सामेल गरिएको छैन ।*

## २.३. शिक्षक /प्राध्यापक तथा कर्मचारीहरुको विवरणः

वरुण बहुमुखी क्याम्पस संचालन नियमावली २०५५ दोस्रो संसोधन २०७६ अनुसार स्थायी शिक्षकहरुलाई उप प्राध्यापक र अस्थायी, आंशिक शिक्षकहरुलाई शिक्षण सहायक पद निर्धारण गरिएकोछ । हाल यस क्याम्पसमा १२ जना स्थायी २ जना अस्थायी गरि १४ जना पूर्णकालिन प्राध्यापकहरु छन् भने १३ जना आंशिक करारका सहित कुल २७ जना प्राध्यापकहरु रहेकाछन् । त्यसै गरी ४ प्रसासनिक कर्मचारी र २ जना कार्यालय सहयोगी गरी कुल जम्मा ३३ जना स्टाफ रहेका छन् ।

**क्याम्पसमा हाल कार्यरत प्राध्यापक कर्मचारीहरुको नामावली**

| क.सं | पद | नामथर | विषय | नियुक्ती मिति | कैफियत |
|---|---|---|---|---|---|
| १. | क्याम्पस प्रमुख | टीकाराम गुरुङ्ग | स्वास्थ्य शिक्षा | २०५१/०५/१९ | स्थायी |
| २. | स. क्याम्पस प्रमुख | चित्ररेखा अधिकारी | शै.यो.र व्यवस्थापन | २०५२/०७/२१ | स्थायी |
| ३. | कार्यक्रम संयोजक | दण्डपाणी गुरागाई | अंग्रेजी | २०५१/०२/२४ | स्थायी |
| ४. | उप-प्राध्यापक | लक्ष्मी ढुङ्गाना | नेपाली | २०५३/०८/१६ | स्थायी |
| ५. | उप-प्राध्यापक | छत्रमणी पन्त | अर्थशास्त्र | २०५७/१२/१५ | स्थायी |
| ६. | उप-प्राध्यापक | रुद्रनाथ दाहाल | समाजशास्त्र | २०५५/०५/१२ | स्थायी |
| ७. | उप-प्राध्यापक | शुशिला थपलिया | स्वास्थ्य शिक्षा | २०६५/०७/२२ | स्थायी |
| ८. | उप-प्राध्यापक | राजेन्द्र सर्वहारा निरौला | नेपाली | २०६५/०८/१३ | स्थायी |
| ९. | उप-प्राध्यापक | बिमल भट्टराई | जनसंख्या शिक्षा | २०६५/०९/१६ | स्थायी |
| १०. | उप-प्राध्यापक | नवराज कार्की | वित्तशास्त्र | २०७२/०९/०१ | स्थायी |
| ११. | उप-प्राध्यापक | गीता कटुवाल | अंग्रेजी | २०७५/०७/१५ | स्थायी |
| १२. | उप-प्राध्यापक | भीमराज दाहाल | गणित | २०७७/०१/११ | स्थायी |
| १३. | शिक्षण सहायक | योगराज पोखरेल | अंग्रेजी | २०७७/०४/१२ | अस्थायी |
| १४. | शिक्षण सहायक | लक्ष्मी प्रसाद खनाल | व्यवस्थापन | २०७८/०८/१६ | अस्थायी |
| १५. | शिक्षण सहायक | ताराबहादुर बुढाथोकी | नेपाली | | विषय करार सेवा |
| १६. | शिक्षण सहायक | गणेश श्रेष्ठ | स्वास्थ्य शिक्षा | | विषय करार सेवा |
| १७. | शिक्षण सहायक | सन्तोष श्रेष्ठ | व्यवस्थापन | | विषय करार सेवा |
| १८. | शिक्षण सहायक | भुवन हलिदे | स्वास्थ्य शिक्षा | | विषय करार सेवा |
| १९. | शिक्षण सहायक | केशव श्रेष्ठ | अंग्रेजी | | विषय करार सेवा |
| २०. | शिक्षण सहायक | शुवर्ण कटुवाल | नेपाली | | विषय करार सेवा |
| २१. | शिक्षण सहायक | चित्र मोक्तान | व्यवस्थापन | | विषय करार सेवा |
| २२. | शिक्षण सहायक | राजमणि घिमिरे | शिक्षा शास्त्र | | विषय करार सेवा |
| २३. | शिक्षण सहायक | शन्देश रोहित गुरुङ | व्यवस्थापन | | विषय करार सेवा |
| २४. | शिक्षण सहायक | भरत राई | शिक्षा | | विषय करार सेवा |
| २५. | शिक्षण सहायक | सनम थापा | शिक्षा अंग्रेजी | | विषय करार सेवा |
| २६. | शिक्षण सहायक | दीपा भटराई | व्यवस्थापन | | विषय करार सेवा |
| २७. | शिक्षण सहायक | कृष्ण चापागाई | शिक्षा नेपाली | | विषय करार सेवा |

## क्याम्पसमा कार्यरत कार्मचारीहरु

| क्र.स | पद | नाम | नियुक्ति मिति | सेवा |
|---|---|---|---|---|
| १. | लेखापाल | अम्बर बहादुर कार्की | २०४७/१२/०७ | स्थायी |
| २. | सहायक लेखापाल | राजेश राई | २०६५/०९/०६ | स्थायी |
| ३. | प्रशासन सहायक | किशोर श्रेष्ठ | २०७०/०९/१६ | स्थायी |
| ४. | पुस्तकालय सहायक | उमेश वस्नेत | २०७४/१०/०१ | अस्थायी |
| ५. | परिचर | भरत खवास | २०४७/०१/०१ | स्थायी |
| ६. | परिचर | श्याम बानिया | २०५३/०६/२४ | स्थायी |

## २.४. शैक्षिक गुणस्तर वृद्धि र अध्ययन अध्यापनलाई व्यवस्थित गर्नकालागि विभिन्न विभागहरुको गठन

यस वरुण बहुमुखी क्याम्पसको अध्ययन अध्यापनलाई गुणात्मक र व्यवस्थित गरि उच्च स्तरिय दक्ष जनशक्ति विकास गर्नकालागि वरुण बहुमुखी क्याम्पस संचालन नियमावलि २०५५ को संसोधन २०७६ को परिच्छेद ३ को दफा ३.९ अनुसार यसै क्याम्पसमा प्राध्यापनरत प्राध्यापकहरुको संयोजकत्वमा विभिन्न समिति, उप समिति गठन गरी कार्य संचालन भई रहेको छ । क्याम्पसका शैक्षिक गतिविधिहरु, समय सापेक्ष परिवर्तित पाठचक्रम र शिक्षकहरुको तालिम एवं शिक्षक विद्यार्थीहरु विचको समन्वयकारी भुमिका निर्वाह गरी शैक्षिक क्रियाकलापलाई समय सापेक्ष अगाडी वढाउने उद्देश्यले देहाय अनुसारका समिति र संयोजनमा कार्यक्रमहरु संचालन भई रहेको छ ।

शैक्षिक व्यवस्थापनकालागि कार्यविभाजन

क) अंग्रेजी विभाग

ख) नेपाली विभाग

ग) व्यवस्थापन विभाग

घ) मानविकि तथा सामाजिकशास्त्र विभाग

ङ) स्वास्थ्य तथा जनसंख्या शिक्षा विभाग

च) अभ्यास शिक्षण विभाग

छ) पुस्तकालय तथा विद्युतिय पुस्तकालय समिति

ज) आन्तरिक परीक्षा संचालन समिति

झ) अतिरिक्त क्रियाकलाप संचालन समिति

ञ) शिक्षक विद्यार्थी समन्वय समिति

ट) QAA एवं रणनैतिक योजना कार्यान्वयन समिति

ठ) अनुसन्धान व्यवस्थापन इकाई

ड) सार्वजनीक सम्वन्ध तथा सम्पर्क उप समिति

ढ) मानव संसाधन तथा उत्तरदागित्व उप समिति

ण) सरसफाइ तथा वातावरण उप समिति

# अध्याय ३.

# क्याम्पसको शैक्षिक तथ्याङ्क विश्लेषण,

## विद्यार्थी भर्ना, तहगत उत्तिर्ण, र तहपार गर्ने विद्यार्थी विवरण

क्याम्पसमा विगत ३ वर्षको विद्यार्थी भर्ना अवस्थालाई तहगत एवं संकायगत रुपमा तथ्याङ्कीय विश्लेषण गरेर हेर्दा देहाय अनुसार विद्यार्थी भर्नाको अवस्था रहेको छ ।

## ३.१. शैक्षिक सत्र २०७७/०७८ मा विद्यार्थी भर्नाको अवस्था विश्लेषण

तालिका नं. १ अनुसार शैक्षिक सत्र २०७७/०७८ मा स्नातक तहहरुकम कुल ४८५ जना विद्यार्थी भएका छन् । सो मध्ये शिक्षा शास्त्र संकायमा सवै भन्दा वढि २८३ विद्यार्थी भर्ना भएको छ भने मानविकी संकायमा २६ जना मात्र विद्यार्थी भर्ना भएकोछ । भर्ना भएका कुल विद्यार्थी संख्याको आधारमा विश्लेषण गरेर हेर्दा अन्य महिला ५१ प्रतिशत शैक्षिक अवसरवाट वञ्चित ६ प्रतिशत र दलित ३.७१ प्रतिशत गरि लगभग ६१ प्रतिशत भन्दा वढि महिला विद्यार्थीहरु भर्ना भई अध्ययनरत भएको अवस्था रहेकोछ ।

तालिका नं. १

**1. Student Enrolment In F.Y: 2077/078. In Total**

| Year | TOTAL | Others* | | EDJ* | | Dalit | | Remarks |
|---|---|---|---|---|---|---|---|---|
| | | M | F | M | F | M | F | |
| **B.Ed.** | 283 | 61 | 175 | 11 | 20 | 4 | 12 | |
| **BBS** | 132 | 32 | 49 | 8 | 9 | 3 | 4 | |
| **BA** | 36 | 17 | 10 | 4 | 1 | 3 | 1 | |
| **M.Ed** | 34 | 12 | 17 | 2 | 1 | 1 | 1 | |
| **Total** | **485** | **122** | **251** | **25** | **31** | **11** | **18** | |
| **In Percentage** | | **25.15** | **51.75** | **5.15** | **6.39** | **2.27** | **3.71** | |

तालिका नं. २

शै.स. २०७८/०७९ को समग्र विद्यार्थी भर्नाको अवस्था हेर्दा कुल ३१८ मध्ये शिक्षा शास्त्र संकायमा १७५ जना अधिक विद्यार्थी भर्ना भएको छ भने मानविकि संकायमा सवै भन्दा कम ३४ जना मात्र विद्यार्थी भर्ना भएको अवस्था रहेकोछ । यस वर्षमा पनि महिला विद्यार्थीहरुको भर्ना ६२ प्रतिसत भन्दा अधिक हुनुमा स्थानीय स्तरमा नै महिला विद्यार्थीहरुले अध्ययन अध्यापनको अवसर प्राप्त गरेको अवस्था रहेकाछ ।

**2. Student Enrolment In F.Y: 2078/079. In Total**

| Year | TOTAL | Others* | | EDJ* | | Dalit | | Madhesi | | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | M | F | M | F | M | F | M | F | |
| **B.Ed.** | 175 | 37 | 120 | 4 | 8 | 2 | 4 | 0 | **0** | |
| **BBS** | 95 | 33 | 46 | 7 | 5 | 2 | 1 | 1 | **0** | |
| **BA** | 34 | 17 | 13 | 0 | 3 | 0 | 1 | 0 | **0** | |
| **M.Ed** | 14 | 12 | 1 | 0 | 0 | 1 | 0 | 0 | **0** | |
| **Total** | 318 | 99 | 180 | 11 | 16 | 5 | 6 | **1** | **0** | |
| **In Percentage** | | **31.13** | **56.60** | **3.46** | **5.03** | **1.57** | **1.89** | **0.31** | **0.00** | |

तालिका नं. ३

तालिका नं. ३ अनुसार शैक्षिक सत्र ०७९/०८० को समायावधिमा विद्यार्थी भर्नाको अवस्था हेर्दा कुल ७०२ जना विद्यार्थीहरु भर्ना भएको अवस्था छ । त्यस मध्ये सवै भन्दा वढि शिक्षा शास्त्र संकायमा ३९८ जना विद्यार्थी भएको छ भने कम विद्यार्थी मानविकि संकायमा रहेकोछ । यसरी प्रत्येक वर्गहरुको महिला विद्यार्थीको संख्या हेर्दा महिला विद्यार्थीहरु ६० प्रतिशत भन्दा वढि भर्ना भएको अवस्था रहेकोछ ।

**3. Student Enrolment In F.Y: 2079/080. In Total**

| Year | TOTAL | Others* | | EDJ* | | Dalit | | Madhesi | | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | M | F | M | F | M | F | M | F | |
| **B.Ed.** | 398 | 86 | 239 | 28 | 28 | 4 | 12 | 0 | 0 | |
| **BBS** | 201 | 62 | 100 | 16 | 12 | 4 | 5 | 1 | 0 | |
| **BA** | 66 | 17 | 13 | 1 | 8 | 5 | 1 | 0 | 0 | |
| **M.Ed** | 37 | 42 | 18 | 2 | 0 | 3 | 1 | 1 | 0 | |
| **Total** | 702 | 207 | 370 | 47 | 48 | 16 | 19 | 2 | 0 | |
| **In Percentage** | | **29.4872** | **52.707** | **6.7** | **6.84** | **2.28** | **2.28** | **0.28** | **0** | |

यसरी समग्र विगत ३ वर्षको विद्यार्थी भर्नाको अवस्थालाई हेर्दा महिला विद्यार्थीहरुको भर्ना प्रतिशत ६० भन्दा वढि नै रहेको र स्नातक तहहरु मध्ये शिक्षा शास्त्र संकायमा ६० प्रतिशत भन्दा वढि रहेको अवस्था छ । यस ले के देखाउछ भने महिला विद्यार्थीहरु गाउघर भन्दा टढा नजाने र अन्य सेवाको तुलनामा शिक्षा सेवामा वढि खपत हुने अवस्था रहेकोछ ।

## ३.२. तहगत रुपमा विगत ३ बर्षमा नियमित विद्याथीहरुको उत्तिर्ण स्थिती

क्याम्पसमा भर्ना भई अध्ययनरत विद्यार्थीहरुको शैक्षिक उन्नतिको प्रमुख मापन विद्यार्थी उत्तिर्ण दर नै प्रमख हुन । विगत ३ वर्षको विद्यार्थी उत्तिर्ण अवस्था देहायका तथ्याङ्कलाई समेत यहा प्रस्तुत गरिएको छ ।

क) शैक्षिक सत्र २०७६/०७७ को तथ्याङ्क तालिका नं. १ मा हेर्दा कुल ८१३ जना विद्यार्थीहरु परीक्षामा सहभागि भएका छन् भने सो मध्ये २७.३१ प्रतिशत उत्तिर्ण भएका छन्

तालिका नं. १

**STUDENT EXAMINATION STATUS IN LAST F.Y:.2076/077 ( Full (Regular) Students only) :**

| Level | Program Name | Total Appeared | Total Passed | Total Passed (%) | Remarks |
|---|---|---|---|---|---|
| **Bachelor's Level** | B.Ed | 541 | 146 | 26.99 | |
| | BBS | 174 | 47 | 27.01 | |
| | BA | 52 | 19 | 36.54 | |
| **Master's Semester** | M.Ed | 46 | 10 | 21.74 | |
| **Total** | | **813** | **222** | **27.31** | |

ख) शैक्षिक सत्र २०७७/०७८ मा तालिका नं. ३ अनुसारको तथ्याङ्कलाई हेर्दा कुल परीक्षामा सहभागी विद्यार्थी मध्ये कुल ६०.६७ प्रतिशत विद्यार्थीहरु उत्तिर्ण भएका छन् । सो मध्ये व्यवस्थापन संकायका ९५.६५ पैतिशत विद्यार्थीहरु उत्तिर्ण भएका छन् भने स्नातकोत्तर तहका विद्यार्थीहरुको उत्तिर्ण दर ज्यादै कम रहको छ । समग्रमा हेर्दा विगत ३ वर्षको तुलनात्मक रुपमा यस शैक्षिक सत्रमा ६० प्रतिशत भन्दा वढि विद्यार्थीहरु उत्तिर्ण भएका छन् ।

तालिका नं. २

**STUDENT EXAMINATION STATUS IN LAST F.Y:.2077/078 ( Full (Regular) Students only) :**

| Level | Program Name | Total Appeared | Total Passed | Total Passed (%) | Remarks |
|---|---|---|---|---|---|
| **Bachelor's Level** | B.Ed | 226 | 117 | 51.77 | |
| | BBS | 92 | 88 | 95.65 | |
| | BA | 22 | 10 | 45.45 | |
| **Master's Semester** | M.Ed | 16 | 1 | 6.25 | |
| **Total** | | **356** | **216** | **60.67** | |

तालिका नं. ३

तालिका नं. ३ अनुसार विद्यार्थीहरुको उत्तिर्ण दरलाई हेदा शैक्षिक सत्र २०७७/०७८ को तथ्यांकलाई हेर्दा कुल ३८१ (नियमित मात्र) जना विद्यार्थीहरु परीक्षामा सहभागि हुँदा ८१ जना मात्र परीक्षामा उत्तिर्ण भएको अवस्था छ यसमा समेत महिला विद्यार्थीहरु अधिक मात्रामा उत्तिर्ण भएको अवस्था रहेकोछ ।

2. STUDENT EXAMINATION STATUS IN LAST F.Y:2077 (Please Include Full (Regular) Students only)

| Program Name | Total Appeared | Total Passed | GIRLS | | EDJ* | | Madhesi | | Dalits | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| (e.g B.Ed.) | (TA) | (TP) | Total Appeared | Total Passed | Total Appeared | Total Passed | Total Appeared | Total Passed | Total Appeared | Total Passed |
| B.Ed | 215 | 50 | 165 | 33 | 25 | 4 | 0 | 0 | 7 | 1 |
| BBS | 96 | 18 | 65 | 12 | 11 | 1 | 0 | 0 | 10 | 0 |
| BA | 19 | 7 | 5 | 2 | 5 | 1 | 0 | 0 | 5 | 4 |
| | | | | | | | | | | |
| M.Ed. | 51 | 6 | 31 | 3 | 2 | 1 | 2 | 0 | 0 | 0 |
| | **381** | **81** | **266** | **50** | **43** | **7** | **2** | **0** | **22** | **5** |

## ३.३. ग्राजुयट (क्याम्पसवाट तह पार गरी जाने) विद्यार्थी विवरण

वरुण बहुमुखी क्याम्पसवाट विभिन्न संकायवाट तह पार गरी जाने (Gradute Student) विदार्थीहरुको विगत तिन वर्षको वर्गिकृत तथ्याङ्कको अवस्थालाई तालिका गत रुपमा राखिएको छ ।

क) शैक्षिक सत्र २०७५/०७६

तालिका नं. १

तालिका नं. १ को तथ्याङ्क अनुसार कुल ५१ जना विद्यार्थीहरु तहपार गरेका छन् जस मध्ये १८ जना (३५ प्रतिशत) महिला विद्यार्थीहरु उत्तिर्ण भएकोछ ।

| GRADUATED (PASS OUT) STUDENT IN LAST F.Y: 2075/076 | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| Level | Program Name | Graduate Students | | | | | | |
| | | TOTAL | GIRLS | Girls % | EDJ* | EDJ% | Dalits | Dalits(%) |
| Bachelor's level | B.Ed | 37 | 27 | 72.97 | 4 | 10.8 | 1 | 2.70 |
| | BBS | 3 | 0 | 0.00 | 0 | 0 | 1 | 33.33 |
| | BA | 6 | 3 | 50.00 | 0 | 0 | 0 | 0.00 |
| | 1 Yr B.ed | 0 | 0 | 0.00 | 0 | 0 | 0 | 0.00 |
| Master's Level | M.Ed | 5 | 0 | 0.00 | 0 | 0 | 0 | 0.00 |
| Total | | 51 | 18 | 35.29 | | 0 | | 0.00 |

ख) शैक्षिक सत्र २०७६/०७७

तालिका नं. ३ अनुसार यस क्याम्पसवाट शैक्षिक सत्र २०७६/०७७ मा कुल **३** जना विद्यार्थीहरुले तह पार गरेकाछन् भने महिला विद्यार्थीहरु ४८ प्रतिशत शैक्षिक अवसरवाट वञ्चित विद्यार्थीहरु ७ प्रतिशत र दलित विद्यार्थीहरु ५ प्रतिशतले तह पार गरेकाछन् । समग्र रुपमा विगत ३ वर्षको तथ्याङ्क हेर्दा महिला विद्यार्थीहरुको सहभागिता र तह पार गरि जानेहरुको अवस्था हेर्दा सन्तोषजनक देखिएता पनि त्रि.वि.को शैक्षिक योजना र क्यालेण्डरको अनिश्चितताको कारण विद्यार्थीहरुमा नैराश्यता र ड्रपआउटको अवस्था संख्या अधिक देखिन्छ ।

तालिका नं २

| GRADUATED (PASS OUT) STUDENT IN LAST F.Y:2076/077 | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| Level | Program Name | Graduate Students | | | | | | | |
| | | TOTAL | GIRLS | Girls % | EDJ* | EDJ% | Dalits | Dalits(%) |
| Bachelor's level | B.Ed | 29 | 16 | 55.17 | 4 | 13.79 | 1 | 3.45 |
| | BBS | 6 | 2 | 33.33 | 0 | 0.00 | 0 | 0.00 |
| | BA | 14 | 7 | 50.00 | 1 | 7.14 | 2 | 14.29 |
| 1 Year B.Ed | | 8 | 1 | 12.50 | | | | |
| Master's Level | M.Ed | 26 | 14 | 53.85 | 1 | 3.85 | 1 | 3.85 |
| Total | | 83 | 40 | 48.19 | 6 | 7.23 | 4 | 4.82 |

समग्र रुपमा तिन शैक्षिक वर्षको तह पार गरी जाने विद्यार्थीहरुको तथ्याङ्क हेर्दा महिला विद्यार्थीहरुको उत्तिर्ण दर ५० प्रतिशत भन्दा अधिक रहेकोछ । शैक्षिक अवसरवाट वञ्चित जनजाति विद्यार्थीहरुको उत्तिर्ण दर तिनै वर्षहरुमा न्यून नै रहेको अवस्था छ ।

तालिका नं. ३

GRADUATED (PASS OUT) STUDENT IN LAST F.Y:2077/078

| Program Name | Graduate Students | | | | |
|---|---|---|---|---|---|
| (e.g B.Ed.) | TOTAL | GIRLS | EDJ* | Dalits | Madhesi |
| B.Ed. | 28 | 17 | 2 | 2 | 0 |
| BA | 14 | 9 | 1 | 1 | 0 |
| BBS | 1 | 0 | 0 | 0 | 0 |
| 1 YR B.ED. | 17 | 6 | 3 | 1 | 0 |
| M.Ed. | 3 | 2 | 0 | 0 | 0 |
| Total | 63 | 34 | 6 | 4 | 0 |

तलिका नं. ३ शैक्षिक सत्र २०७७/०७८ तह पार गरी जाने विद्यार्थीहरु कुल ६३ जना रहेको छ भने शिक्षा शास्त्र संकायमा कुल २८ जना रहेको छ भने व्यवस्थापन संकायमा न्यून उत्तिर्ण भएको अवस्था छ ।

## ४.४. शैक्षणिक पद्धति/विधि

क्याम्पसमा संचालित शैक्षिक कार्यक्रमहरुलाई प्रभावकारी, समयसापेक्ष एवं नतिजामुखी वनाउनकालागि देहाय अनुसारका शिक्षण सिकाईका सामग्रीहरु एवं पद्धतिहरुको अवलम्वन गरिएको छ ।

१. प्रभावकारी शिक्षण सिकाईकालागि कक्षाकोठाहरुमा स्मार्ट टि.भि.हरु जडान गरिएको र शिक्षकहरुलाई सो शैक्षिक सामग्री संचालनकालागि अभिमुखीकरण गर्ने गरेका छौ ।
२. शिक्षकहरुलाई व्यक्तिगत रुपमा १ ल्यापटप र १६ जि.वि. क्षमताको १ पेनड्राइभ उपलव्ध गराइएको र समयसापेक्ष तालिम कार्यक्रमहरु संचालन पनि गर्दै आएकाछौ
३. शैक्षिक सामग्रीकै रुपमा Multimediya Projector समेतको व्यवस्था गरिएको छ ।

४. कोभिडको समयमा शिक्षक एवं विद्यार्थीहरुलाई Microsoft Teems ID वितरण गरिएको र सो को प्रयोगकालागि अनलाइन इ. शिक्षणका अभ्यासहरु समेत गराईएको छ ।

५. इ.एम.आई.एस सिस्टमको स्थापना गरी संचालनमा ल्याइएको विद्यार्थीहरुको तथ्याङ्क व्यवस्थीत गरि छिटो र छरितो सेवा प्रवाह गर्ने

६. अध्ययन अध्यापन संगसंगै प्रयोगात्मक अभ्यास एवं अनुसन्धानात्मक प्रकृयाहरुमा शिक्षक विद्यार्थीलाई सकृय सहभागि गराउदै आएको

७. विद्यार्थीहरुको सर्वाङ्गिण विकासकालागि अतिरिक्त कृयाकलापहरुमा सकृय सहभागि गराउने

८. विद्यार्थीहरुको उपलब्धिको स्तर निर्धारण गर्न त्रैमासिक रुपमा ल्याकत परीक्षाहरु संचालन गर्ने र पृष्ठपोषणका कक्षाहरु संचालन गर्ने

९. शैक्षिक क्यालेण्डर निर्माण गरि कार्यान्वयन गरिएको

१०. हरेक साल तह पार गरी जाने विद्यार्थीहरुको ट्रेशर स्टडी गरि विद्यार्थीहरुलाई पृष्ठ पोषण गर्ने विद्यार्थीहरुलाई स्थलगत अध्ययन अवलोकन भ्रमणहरु समेतको आयोजना गरिएको

११. विद्यार्थीहरुलाई निरन्तर पाठचक्रम संगै थप छोटो समयावधिका कोर्षहरुको तर्जुमा गरी अभिमुखीकरण गर्ने प्रयास भएकोछ । (स्नातक तह प्रथम वर्षमा आधारभुत कम्प्यूटर कक्षा, दोस्रो वर्षमा अनुसन्धानात्मक कक्षा र चौथो वर्षमा व्यवसाय उन्मुख अनुशिक्षणको कार्यक्रमको पाटचक्रम तयार गरिएकोछ ।

# अध्यय ४ भैतिक प्रगति

## ४.१. क्याम्पसको पूर्वाधार विकास

क्याम्पसको शैक्षिक वातावरणलाई सिकाइ उन्मुख वनाउनकालागि क्याम्पसको भौतिक पूर्वाधार ज्यादै महत्वपूर्ण पक्ष हो । क्याम्पसको आवस्यकता अनुसार भौतिक वातावरण विकासकालागि विभिन्न सहयोगी निकायहरुको समन्वय र सहकार्यमा विभिन्न योजना कार्यक्रमहरु संचालन गर्दै आएको छ । हाल क्याम्पसको आफ्नै नाममा कुल ११० रोपनी जग्गा रहेकोछ सो जग्गामा पक्की र कच्चि गरी कुल १० वटा भवनहरु र ३७ वटा कोठाहरु रहेका छन् । त्यस मध्ये कार्यालय प्रयोजनकालागि ६ वटा, पुस्तकालयकालागि २ सेमिनार हल १ कोठाहरु प्रयोगमा रहेका छन् भने अन्य कोठाहरु अध्ययन अध्यापनकालागि प्रयोग गरिएको अवस्था रहेकोछ । विद्यार्थीहरुकालागि ३३० जोडा डेश्कवेन्च र अन्य कार्यालय फर्निचरहरु रहकोछ । कक्षाकोठा व्यवस्थान र प्रभावकारी सिकाई प्रकृयाकालागि ६ वटा स्मार्ट टि.भि. ३ वटा प्रोजेक्टर, ल्यापटपहरु र सि.सि. क्यामेराको जडान गरिएकोछ । सो को विवरणात्क विश्लेषण तपशिलका वुदागत रुपमा विश्लेषण गरिएकोछ ।

1. कक्षा कोठा भवन निर्माण सम्पन्न भएको : क्याम्पसको आवस्यकता वमोजिम ४ कोठा भएको कक्षा कोठा भवन निर्माण कार्य आ.व. २०७६/०७७ मा निर्माण सम्पन्न भएको छ । सो भवन निर्माणमा संघिय सांसद माननीय राजेन्द्र गौतमवाट रु १० लाख, खाँदवारी नगरपालिकावाट रु १५ लाख र सामाजिक विकास मन्त्रालय प्रदेश नं. १ वाट रु ३० लाख गरी कुल ५५ लाख रुपैयाँ अनुदान प्राप्त भई लागत साझेदारीमा निर्माण कार्य सम्पन्न भएको छ ।
2. नयाँ कक्षा कोठा भवन निर्माण : वरुण बहुमुखी क्याम्पसको आवस्यकता तथा विद्यार्थीहरुको वढ्दो चापको आधारमा प्राविधिक लागत अनुमान सहित प्रस्तावना तयार गरी विश्वविद्यालय अनुदान आयोगमा पेश गरिएको थियो । प्रस्ताव अनुसार यसै आ.व.मा रु ८५ लाख वजेट स्वीकृत भएको छ सो अनुसार भवन निर्माणको लागि प्राविधिक डिजाइन, लागत तयार गर्दा रु १ करोड १४ लाखको भएको र सोहि अनुसार वोलपत्र खुला गर्दा प्रतिस्प्रधात्मक मूल्य लगभग रु ९० लाखमा भवन निर्माण हुने गरी सजिला कन्स्टकसन कम्पनीले ठेक्का पारेको छ र सो कम्पनी संग संझौता भई भवन निर्माणको कार्य भई रहेकोछ । उक्त भवन २ तल्ले ६ कोठा भएको हुनेछ ।

३. पुरानो पुस्तकालय भवन भाडामा : क्याम्पस परिसर भित्र रहेको पुराना पुस्तकालय भवन ५ वर्षकालागि मकालु हेल्थ एकेडेमीलाई भाडामा दिने सम्झौता भई क्याम्पसलाई थप आम्दानीको श्रोत निर्माण भएको छ ।

४. क्याम्पस चमेना गृह निर्माण : क्याम्पसले प्रस्ताव गरे अनुसार १ नं. प्रदेश सरकार अर्थ मन्त्री मा. तुलसी प्रसाद नेउपानेको सहयोगमा रु १० लाख वजेट विनियोजन भएको र सो अनुसार सुविधा सम्पन्न क्यान्टीन भवन निर्माण कार्य भएकोछ ।

५. स्वच्छ पिउने पानीको व्यवस्था : विद्यार्थीहरुको लागि फिल्टरेट तातो र चिसो खानेपानीको प्लाण्ट स्थापना भएको छ जुन पानी सिधै पिउन सक्ने अवस्थाको रहेकोछ ।

६. सि.सि. क्यामेराको जडान : पुस्तकालय, प्रशासन तथा कक्षाकोठाहरुमा सि.सि. क्यामेराको जडान गरिएकोछ, विद्यार्थी तथा अन्यवाट भएको गतिविधिहरु प्रत्यक्ष निगारानी गर्न सकिने अवस्था रहेकोछ ।

७. शैक्षिक सामग्रीको रुपमा स्मार्ट टि.भि. जडान : प्रभावकारी शिक्षण सिकाईकालागि ६ वटा कक्षा कोठाहरु, सेमिनार हल एवं क्याम्पस प्रमुखको कक्षमा स्मार्ट टि.भि.जडान भएकोछ । शिक्षकहरुले प्रभावकारी प्राध्यापनकालागि सोझै टि.भि.मा प्रदर्शन गरि प्राध्यापन गर्न सक्ने अवस्था रहेकोछ ।

८. इन्टरनेटको व्यवस्था : क्याम्पसको दैनिक कार्य संचालन तथा विद्यार्थीहरुको अध्ययन अध्यापनलाई सुव्यवस्थित गर्न २५० एम.वि.एस क्षमताको इलेक्ट्रोनिक नेटवर्क स्थापन गरिएकोछ ।

९. लेखा तथा शैक्षिक प्रशासनिक कार्यकोलागि सफ्टवायर जडान : क्याम्पसको लेखा प्रशासन र विद्यार्थी विवरण एवं तथ्याङ्क व्यवस्थित गर्न शिक्षा सफ्टवायरको व्यवस्था तथा वल्क मेशेज सिस्टमको व्यवस्था गरि संचालनमा रहेकोछ ।

१०. त्रि.वि., रा.प.वोर्ड, विश्वविद्यालय अनुदान आयोग तथा अन्य सम्वन्धित निकायहरुमा रिपोर्टिङ गर्ने कार्य इ नेटवर्कवाट संचालन गर्ने कार्य भएकोछ ।

११. वैकल्पीक उर्जाको व्यवस्था : १२०० वाटको सोलार सिस्टम (वैकल्पिक उर्जा प्रवर्धन केन्द्रवाट निशुल्क माग गरी ल्याएको) को जडान गरिएको, इ.एम.आइ.एस सिस्टम लाई पूर्ण सहयोग पुगेको छ । सोलार सिष्टमको क्षमता वृद्धिका लागि १२०० वाटको २ व्याट्री नया थप गरिएकोछ

१२. समय सापेक्ष नयाँ पाठचक्रम अनुसारको सन्दर्भ पुस्तकहरु खरिद गरिएको सो सहित हाल देहाय अनुसारका पुस्तक तथा पत्रपत्रिकाहरु रहेको पुस्तकालय रहेको छ ।

- हाल मौजुद पुस्तकहरु १३८३५ थान
- केन्द्रीय तथ्याङ्क विभागवाट प्राप्त श्रोत पुस्तक ६६ थान र १५ वटा सि.डि
- साप्लावुङ्ग साहित्यीक हडकङ्गवाट २६८ थान, जर्नल ५४ थान
- स्नातकोत्तर तहका विद्यार्थीहरुले तयार गरेको थेसिस १७० थान
- अन्य विभिन्न संघ संस्थाहरुवाट २६ थान, विद्यार्थीहरुवाट उपहार १०० थान
- अन्य पुस्तक प्रकासकहरु एक के पव्लिसर, विद्यार्थी पुस्तक भण्डार, आदिवाट समेत पुस्तकहरु उपहार प्राप्त गरि आएको छ ।

१३. वाचनालयको स्थापना, पुस्तकालयसंगै पत्रपत्रिका अध्ययनकालागि वाचनालयको स्थापना

१४. छात्रवास संचालन (२४ जना पुरुण विद्यार्थी वस्न सक्ने फर्निचर सहितको छात्रावास संचालन

१५. क्याम्पसको वार्षिक प्रगति प्रतिवेदन, लेखा परीक्षण प्रतिवेदन छपाई गरि सार्वजनिक गरिएको

१६. क्याम्पसमा आवस्यक भौतिक पूर्वाधार निर्माणकालागि खरिद तथा निर्माण समिति वठन भएको र सो समितिको संयोजनमा निर्माण तथा खरिदको कार्य सम्पन्न गर्ने गरिएको

## ४.२. समन्वयात्मक तथा सामाजिक कार्यक्रमहरु :

### १. नेपाल सरकार स्थानीय निकायलाई क्वारेन्टाइन संचालन गर्न क्याम्पस भवन उपलव्ध गराएको

विश्वव्यपि कोरोना भाइरस महामारीको प्रकोपवाट वच्न स्थानीय सरकार स्थानीय निकाय खाँदवारी नगरपालिकाको माग वमोजिम क्वारेन्टाइन संचालन गर्न क्याम्पस भवन तथा क्याम्पसका सम्पूर्ण सुविधाहरु उपभोग गर्न सहयोग गरिएको ।

### २. निर्वाचन केन्द्र संचालन

नेपाल सरकारको देशव्यपि रुपमा संचालन भएको संघिय तथा प्रदेश स्तरिय निर्वाचनको सन्दर्भमा यस वरुण क्याम्पसमा समेत खाँदवारी नगरपालिका वडा नं. ८ को निर्वाचन केन्द्र संचालन भएको छ ।

### ३. क्याम्पस प्राध्यापक संघ इकाई समिति गठन र परिचालन

सामुदायिक क्याम्पसहरुको हक हित संरक्षण गर्दै गुणस्तरिय शिक्षाकालागि यस जिल्लामा सामुदायिक क्याम्पस जिल्ला संघ निर्माण भएकोछ र सामुदायिक क्याम्पसका विभिन्न गोष्ठि भेला तथा तालिमहरुमा

यस क्याम्पसको तर्फवाट सकृयताका साथ प्रतिनिधित्व गर्दै आएको छ । प्राध्यापकहरुको हकहितको संरक्षण संवर्धन सहित अध्ययन अध्यापनमा भएको नौला आयमहरुलाई परिचित गराउने, क्याम्पसको शैक्षिक गतिविधिलाई सहजता गर्ने कार्य भई रहेकोछ । क्याम्पस प्राध्यापक संघ इकाई समितिको अध्यक्ष क्याम्पस संचालक समितिको सदस्य हुने समेत व्यवस्था रहेकोछ ।

### ४. स्वतन्त्र विद्यार्थी यूनियनको गठन र संचालन

त्रिभुवन विश्वविद्यालयको नियामानुसार यस क्याम्पसमा पनि विद्यार्थीहरुको प्रतिनिधिमूलक संगठन स्वतन्त्र विद्यार्थी यूनियनको व्यवस्था रहेको छ । क्याम्पसमा विद्यार्थीहरुको विविध गतिविधि संचालनमा स्वतन्त्र विद्यार्थी युनियनले क्याम्पसलाई सहयोग गर्दै आएको छ । यस आ.व. २०७३ फाल्गुण १८ गते स्वतन्त्र विद्यार्थी युनियनको निर्वाचनवाट गठित समिति नै हाल सम्म कार्यरत रहेको छ । स्व.वि.यू. ले विद्यार्थीहरुको हकहितको संरक्षण सम्वर्धन गर्दै क्याम्पसको शैक्षिक एवं अन्य विविध गतिविधिहरुमा रचनात्मक सहयोग गर्दै आएकोछ ।

### ५. युवा रेडक्रस सर्कल वरुण बहुमुखी क्याम्पस

क्याम्पसका विद्यार्थीहरुमाझ मानता, तटस्थता, स्वाधिनता, निष्पक्षता र विश्व्यापकता को मुल मन्त्रका साथै शैक्षिक एवं रचनात्मक कृयाकलाप संचालन गर्न वरुण बहुमुखी क्याम्पस युवा रेडक्रश सर्कल गठन भएको छ । सो समितिले निरन्तर कार्यरत रहेको अवस्था रहेकोछ ।

### ६. सरकारी एवं गैह्र सरकारी विभिन्न संघ संस्थाहरु विच सम्न्वयः

यस क्याम्पसको अर्को महत्वपूर्ण स्रोत विभिन्न संघ संस्थाहरु हुन् । क्याम्पसको आर्थिक, शैक्षिक, भौतिक विकासका विविधि कार्यक्रमहरु सरकारी तथा गैह्र सरकारी संघ संस्थाहरुको समन्वय र सहकार्यमा संचालन गर्दै आएको छ । विशेष गरी नेपाल सरकार, प्रदेश सरकार, जिल्ला समन्वय समिति, गा.पा तथा नगरपालिका, विश्व विद्यालय अनुदान आयोग, र अन्य विभिन्न सरकारी एवं गैह्र सरकारी संघ संस्थाहरुले सहयोग गर्दै आएको छ ।

### ७. तालिम कार्यक्रममा सहभागिता एवं अध्ययन अवलोकन भ्रमण

गुण स्तरिय र समसामयिक शिक्षाकालागि प्राध्यापकहरु सधैं पुनर्ताजगि हुन आवश्यक छ । त्यसैले यस क्याम्पसका प्राध्यापकहरु विभिन्न तालिम गोष्ठिमा सहभागि हुदै आउनु भएको छ । अंग्रेजी, नेपाली विषयको अभ्यास शिक्षण वाह्य मूल्याङ्कन तालिम र व्यवस्थापन संकायका नयाँ पाठचक्रम अनुशिक्षणहरुमा क्याम्पसका शिक्षकहरु सहभागि हुँदै आएका छन् ।

**८. अनुसन्धान पद्धति तालिम कार्यक्रमको आयोजना :**

प्राध्यापकहरुको क्षमता विकासका लागि क्याम्पसले विश्वविद्यालय अनुदान आयोगमा अनुसन्धान विधि तालिमको प्रस्तावन पेश गरि वजेट स्वीकृत भए अनुसार क्याम्पसले साझेदारी गरी पाँच दिने लघु अनुसन्धान तथा प्रतिवेदन लेखन तालिम संचालन गरि सकिएको छ । सो तालिममा छिमेकी क्याम्पसका प्राध्यापकहरुलाई समेत सहभागि गराइएकोछ ।

## ४.३. छात्रवृत्ति तथा शुल्क सहुलियत कार्यक्रम

यस क्याम्पसमा अध्ययनरत गरिब, जेहेन्दार, महिला, दलित, पिछडिएको जनजाति, अपाङ्ग द्वन्द प्रभावित विद्यार्थीहरुलाई उच्च शिक्षा हासिल गर्न मद्दत पुर्‍याउने ध्येयले छात्रवृत्ति कोष स्थापना गरिएकोछ । छात्रवृत्ति कार्यक्रमलाई व्यवस्थीत रुपमा संचालन गर्नका लागि विनियम तयार गरी कार्यान्वयन गरिएको छ । वरुण बहुमुखी क्याम्पसको विधान २०७६ परिच्छेद १९ अनुसार छात्रवृत्ति छनौट तथा वितरण समिति वनेको छ उक्त समितिले निर्णय गरि छनोट भएका विद्यार्थीहरुलाई वार्षिक रुपमा छात्रवृत्ति वितरण गर्दै आएको छ ।

**क्याम्पसको छात्रवृत्ति कोषमा निम्नानुसारका दाताहरुबाट अक्षय कोष एवं सहयोग प्राप्त भएको छ ।**

**वरुण बहुमुखी क्याम्पस,**

**खाँदबारी संखुवासभा आ.व. २०७९/०८० मा छात्रवृत्ति विवरण गरिने रकम विवरण २०७९ पौष १९**

| क्र.स. | खाताको नाम | संरक्षक | किसिम | सावाँ रकम | कुल प्राप्त हुने व्याज | आ.व.०७९/८० मा वितरण हुने रु |
|---|---|---|---|---|---|---|
| १ | वरुण बहुमुखी क्याम्पस छात्रवृत्ति कोष | वरुण बहुमुखी क्यामपस | अक्षयकोष | ४२०,००० | ३६,१६४.०० | ३६,१६४.०० |
| २ | बरुण बहुमुखी क्याम्पस छात्रवृत्ति कोष | वरुण बहुमुखी क्यामपस | अक्षयकोष | ७५,००० | ६,४५७.०० | ६,४५७.०० |
| ३ | अमर मनमायाँ छात्रवृत्ति कोष | खड्ग राई | अक्षयकोष | १५४,९०० | | |
| ४ | सुर्यछन्द जीवन,रेणु छात्रवृत्ति कोष | जीवन श्रेष्ठ | अक्षयकोष | १०१,००० | १६,१६०.०० | १६,१६०.०० |
| ५ | धर्म प्रसाद थपलिया स्मृति अक्षय कोष | महेश थपलिया | अक्षयकोष | १००,००० | १८,०००.०० | १८,०००.०० |
| ६ | गणेश पन्त स्मृति छात्रवृत्ति अक्षय कोष | | अक्षयकोष | ११५,१६२ | १७,५३३.५० | १५,७८०.१५ |
| ७ | टंकमायाँ स्मृति छात्रवृत्ति अक्षय कोष | कृष्ण बहादुर अधिकारी | अक्षयकोष | ५८,२८९ | ८,८७४.४५ | ७,९८७.०१ |
| ८ | चोलानाथ दिव्यश्वरी स्मृति छात्रवृति अक्षय कोष | सूर्य कुमार वुढाथोकी | अक्षयकोष | १०५,१५४ | १६,००९.६५ | १४,४०८.६९ |
| ९ | देवजमुना सुरेन्द्र स्मृति छात्रवृत्ति अक्षय कोष | मेनुका श्रेष्ठ | अक्षयकोष | १०५,५५५ | १५,८३३.०० | १५,८३३.०० |
| १० | कृष्ण,लक्ष्मी अधिकारी स्मृति छात्रवृत्ति अक्षयकोष | मेहन, वंसि अधिकारी | अक्षयकोष | ५५,५५५ | ८,८८८.८० | ८,८८८.८० |
| ११ | रुद्रकार्की स्मृति छात्रवृत्ति अक्षयकोष | ृउषा कार्की | अक्षयकोष | १११,१११ | १७,७७७.७६ | १७,७७७.७६ |
| १२ | रोहित,पदमकुमारी,तुलसा छात्रवृत्ति कोष | पवन वजगाई | अक्षयकोष | १२५,५२५ | २०,०८४.०० | २०,०८४.०० |
| १३ | रोहण कटुवाल स्मृति छात्रवृत्ति अक्षय कोष | हरि कुमार कटुवाल | अक्षयकोष | १०१,१११ | १६,१७७.७६ | १६,१७७.७६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १४ | **फूलमायाँ,दलबहादुर छात्रवृत्ति अक्षय कोष** | **दल बहादुर वि.क** | **अक्षयकोष** | २५०,५५५ | ४०,७७५.२५ | ४०,७७५.२५ |
| १५ | **रंगलाल रीमाल स्मृति छात्रवृत्ति अक्षय कोष** | **नारायण रिमाल** | **अक्षयकोष** | २०१,१०१ | ३०,४९५.७२ | ३०,४९५.७२ |
| १६ | **स्थानीय समाज सेवी भोला गौली छात्रवृत्ति** | **भोला गौली** | **अक्षयकोष** | १०१,००० | १४,१८३.४० | १४,१८३.४० |
| १७ | **कर्ण बहादुर कटुवाल स्मृति स्मृति कोष** | **गोमा कटुवाल** | **अक्षयकोष** | ५१,१५५ | ७,१४७.६८ | ७,१४७.६८ |
| | **जम्मा अक्षय कोष रकम रु** | | | २,२३२,१७३ | २९०,५६१.९७ | २८६,३२०.२२ |
| **क** | **वरुण बहुमुखी क्याम्पस स्व.वि.यू वाट विनियोजित रकम** | | | | २५,००० | २५,०००.०० |
| **ख** | **वरुण बहुमुखी क्याम्पसवाट विनियोजित रकम** | | | | १५०,००० | १५०,०००.०० |
| **ग** | **संस्थापक स्व. मदन अर्याल स्मृति कोष** | | | | | - |
| | **आ.व. २०७९/०८० मा वितरण गरिने जम्मा रकम रु** | | | | | ४६१,३२०.२२ |

विद्यार्थी शुल्क सहुलियत तथा छात्रवृत्तिकालागि क्याम्पस तथा शिक्षा प्रेमी दाताहरुले विगत वर्ष देखि यस वर्ष २०७९ मंसिर सम्ममा कुल रकम रु २२,३२१७३/- (वाइस लाख वत्तिस हजार एक सय त्रिहत्तर मात्र) अक्षय कोषमा अनुदान जम्मा भएकोछ र सो रकम वित्तिय संस्थाहरुमा जम्मा गरिएको छ सो वचत अक्षयकोषवाट प्राप्त भएको व्याज, स्वतन्त्र विद्यार्थी युनियन, एवं वरुण बहुमुखी क्याम्पसको आन्तरिक कोषवाट यस आ.व.मा कुल रकम रु ४,६१,३२०/- (चार लाख एकसठि हजार तिन सय विषय मात्र) क्याम्पसमा अध्ययनरत गरिव, दलित, जेहेन्दार, महिला, अपाङ्ग, विद्यार्थीहरुलाई छात्रवृत्ति तथा शुल्क सहुलियतको रुपमा वितरण वितरण गरिनेछ ।

### ४.४. अन्य छात्रवृत्तिहरु

वरुण बहुमुखी क्याम्पसमा अध्ययरत गरिव, महिला, दलित एवं दुर्गम क्षेत्रका विद्यार्थीहरुको अध्ययनलाई सुलभ वनाउने उद्देश्यले विभिन्न संघ संस्थाहरुमा विद्यार्थीहरुको पहुँच वृद्धि गर्ने कार्यहरु समेत निरन्तर भई रहेको छ । स्थानीय निकाय, स्थानीय वित्तिय संघ संस्थाहरुवाट समेत छात्रवृत्तिहरु उपलव्ध भई रहेकोछ ।

### ४.५. वरुण बहुमुखी क्याम्पसको आर्थिक व्यवस्थापन

वरुण बहुमुखी क्याम्पस संचालनको लागि तपशिलका श्रोतहरुबाट आर्थिक व्यवस्थापन गरिएको छ ।

**क) शिक्षण शुल्क**

यस क्याम्पसको प्रमुख आम्दानीको प्रमुख स्रोत नै विद्यार्थीहरुबाट लिइने शुल्कहरु हुन् र विभिन्न तहहरुमा अध्ययनरत विद्यार्थीहरुबाट तहगत आधारमा अध्ययन शुल्कहरु लिई आएको छ । विद्यार्थी शुल्कहरु समय सापेक्षा परिवर्तन गर्दै लाने विद्यार्थी संघ संगठनहरुसंग सहमति भए ता पनि यस वर्ष विद्यार्थी शुल्कहरुमा कुनै पनि वृद्धि गरिएको छैन । विगत आ.व. २०७८/०७९ का कायम भएको शुल्क

नै यस वर्ष पनि कायम गरिएकोछ ।

आ.व. २०७९/०८० मा प्रस्तावित गरिएको अध्ययन शुल्क विवरण

| सि.नं | तह | मासिक शुल्क रु | प्रवेश शुल्क रु | कैफियत |
|---|---|---|---|---|
| १. | कक्षा ११ | ८२५/- | १६५०/- | |
| २. | कक्षा १२ | ८२५/- | १६५०/- | |
| ३. | स्नातक तह प्रथम, द्वितिय र तृतिय वर्ष ( मानविकी, शिक्षा र व्यवस्थापन) | १०००/- | १६५०/- | |
| ४. | १ वर्षे वि.एड | १०००/- | २०००/- | |
| ५. | स्नातकोत्तर (तह शिक्षा) | १५००/- | २५००/- | |
| ६. | चारित्रिक प्रमाण पत्र | | २५००/- | |
| ७. | चारित्रिक प्रमाण पत्र | | ३०००/- | |
| ८. | स्थानान्तरण शुल्क | **कक्षा ११/१२ १०००/- स्नातक १०००/-** | | |

**ख) विश्वविद्यालय र रा.प.वोर्ड शिक्षा परिषद् अनुदान :**

यस क्याम्पसको अर्को आम्दानीको स्रोत विश्वविद्यालय अनुदान आयोगवाट प्राप्त हुने वार्षिक अनुदान हो र विश्वविद्यालय अनुदान आयोगबाट क्याम्पसमा संचालित कार्यक्रम, विद्यार्थी संख्या, छात्रा संख्या, दलित, जनजाति, र अपाङ्ग एवं विद्यार्थी उत्तिर्ण प्रतिशतको मूल्याङ्कन गरि क्याम्पसको शैक्षिक, भौतिक व्यवस्थापन एवं विकासको लागि वार्षिक अनुदानको रुपमा विश्वविद्यालय अनुदान आयोगवाट आ.व. ०७८/०७९ मा रु १९,००,०००./- अनुदान प्रप्त भएको छ । यस आ.व. कालगि पनि अनुदान आयोगले प्रस्ताव माग गरे अनुसारको खाका वमोजिम योजना कार्यक्रम पेश गर्ने छौ । यसै गरि राष्ट्रिय परीक्षा वोर्ड (उच्च माध्यमिक शिक्षा परिषद्) बाट भने यस आ.व.मा कुनै रकम प्राप्त भएको छैन ।

**ग) सामुदायिक शिक्षा विकास जलविद्युत प्रा.लि.निगुरे :**

नेपाल विद्युत प्राधिकरणको स्वामित्वमा रहेको निगुरे साना जलविद्युत आयोजना शैक्षिक विकासको लागि पानी भन्ने मुल मन्त्रका साथ नेपाल विद्युत प्राधिकरणसंग भाडामा लिई जिल्लाका ३ क्याम्पसहरुको साझेदारीमा संचालित छ र उक्त योजना कुल २५० कि.वा. विद्युत उत्पादन क्षमताको रहेकोछ । सो योजना २०७२ वैशाख १२ र २९ गतेको विनासकारी भुकम्प र सोहि वर्ष ज्येष्ठ २८ गतेको भिषण वाढिले क्यानलको मुहान पूर्ण क्षति भई विद्युत उत्पादन वन्द भएको अवस्थामा रहेको छ । सो योजनाको लिज अवधि समेत भुक्तान हुने अवस्थामा रहेको छ र सो को समयावधि वृद्धि गरि थप समयावधि थप गर्ने र विद्युत योजनाको विस्तृत अध्ययन गरी विद्युत उत्पादन क्षमता वृद्धि गर्ने ।

# अध्याय ५.

## आ.व.२०७७/०७८ मा विश्वविद्यालय अनुदान आयोग तथा अन्य संस्थाहरुको सम्वन्वयमा संचालित गतिविधिहरु

### उच्च शिक्षा सुधार परियोजना (HERP) कार्यक्रममा छनौट तथा कार्यसंचालन

शैक्षिक गुणस्तर वृद्धिकालागि विश्व विद्यालय अनुदान आयोगसंगले आब्हान गरेको उच्च शिक्षा सुधार परियोजना (Higher Education Reform Project, HERP) एवं Second Higher Education Project (SHEP) 2007-Scheme "C" जस्ता कार्यक्रमहरुमा छनौट भई सकृयता पूर्वक सहभागिता गर्दै आएको छ । यस वर्ष २०७९ मा विश्वविद्यालय अनुदान आयोगले आव्हान गरेका राष्ट्रिय उच्च शिक्षा कार्यक्रम (National Higher Education Programme NHEP) अन्तरगत समतामा अधारीत अनदान (Equity Base funding Project) एव विस्तारित कार्य सम्पादनमा आधारित अनुदान Extended Perffonce Based programme जस्ता कार्यक्रममा सहभागी हुन क्याम्पसले प्रस्तावनाहरु पेश गरि सकेकोछ ।

### १. विश्वविद्यालय अनुदान आयोगको योजना कार्यक्रमहरुवाट क्याम्पसमा भएका गतिविधिहरु

विश्वविद्यालय अनुदान आयोगको सहकार्यमा क्याम्पले शैक्षिक गुणस्त वृद्धिकालागि शिक्षक तालिम, विद्यार्थी शुल्क सहुलियत, शैक्षिक सामग्रीहरु, भौतिक पूर्वाधारको रुपमा भवन निर्माण फर्निचर निर्माण खरिद, जस्ता कार्यहरु ंचालन गरिएको छ भने क्याम्पसको सम्पर्क समन्य विस्तृत गर्ने कार्य भएको छ । क्याम्पसको सुसासनको लागि लेखा, पुस्तकालय, प्रसाशन कार्यकोलागि इएमआईएस जडान संचालन भएको छ । विद्यार्थीको शैक्षिक गुण स्तर मापनकालागि ट्रेशर स्टडी, क्याम्पसको ५ वर्षे रणनीतिक योजना, क्याम्पसको स्व अध्ययन प्रतिवेदनको तयारी लगायत क्याम्पस संचालन नियमावलि जस्ता दस्तावेजहरुको विकास गरिएको छ ।

### २. वरुण बहुमुखी क्याम्पसको रणनैतिक योजना निर्माण र कार्यान्वयन :-

वरुण बहुमुखी क्याम्पस विश्व विद्यालय अनुदान आयोगको सहयोगमा २०६६ देखि नै निरन्त रहेकोछ । क्याम्पसले आफ्नो योजना कार्यक्रमहरु व्यवस्थित रुपमा अगाडी वढाउन हरेक ५ वर्षे रणनीतिक योजनाहरु वनाउदै आएको छ । विगत वर्षहरुको सिकाई र भएको कार्यप्रगतिहरुको समिक्षा गदै सो को पुनरावलोकन, मूल्याङ्कन, गर्दै यस वर्ष सन २०२२ देखि २०२७ सम्मको लागि समेत रणनैतिक योजना निर्माण गरिएको छ । उक्त योजनामा क्याम्पसको दुरदृष्टि (Vision) ध्येय (Mission) लक्ष्य (Goal) सहित आगामी ५ वर्ष भित्रमा क्याम्पसको रणनीतिहरु के के हुने भन्ने कुराको एकिन गरि क्याम्पसलाई

व्यवस्थित तथा जनसहभागिताको आधारमा अगाडी वढाउन रणनैतिक योजना (Strategic Plan) तयारी गरिएको छ ।

**दुरदृष्टि (भिजन) : वरुण बहुमुखी क्याम्पस उत्कृष्ट शैक्षिक कार्यक्रमहरु संचालन गरी व्यवसायिक तथा सामुदायिक नेतृत्वदायी जनशक्ति विकास गर्ने संस्थाको रुपमा राष्ट्रियस्तरमा स्थापित हुनेछ ।**

BMC will be recognized nationally for the excellence of its programs and development of professional and community leaders.

**लक्ष : वरुण बहुमुखी क्याम्पसले गुणस्तर सुनिश्चितताका लागि वित्तीय दिगोपना कायम राख्दै भौतिक सुविधाको सुधार र उपयुक्त अध्ययन अध्यापनको वातावरण निर्माण गर्नेछ ।**

उक्त रणनैतिक योजना र खरिद योजना (प्रोक्युरमेण्ट योजना) को पुनरावलोकन एवं संसोधन गरी पुन : विश्व विद्यालय अनुदान आयोगमा पेश गरिने छ ।

### ३. गुण स्तरिय सुधार सुनिश्चितता कार्यक्रममा सहभागिता (QAA)

विश्व विद्यालय अनुदान आयोगले अघि वढाएको गुण स्तरिय सुधार सुनिश्चितता (QAA) कार्यक्रममा समेत यस वरुण बहुमुखी क्याम्पसले आवेदन गरेको र सो अनुसार पूर्वतयारी गोष्ठिमा समेत सहभागि भई क्याम्पसको शैक्षिक, आर्थिक र व्यवस्थापकिय पक्षमा सुधारकालागि विभिन्न योजना कार्यक्रम वनाई अघि वडि रहेको छ । गुण स्तरिय सुधार कार्यक्रमकालागि क्याम्पसले स्व अध्ययन प्रतिवेदन तयारी गरिरहेको अवस्था छ ।

## अध्याय ६

## वरुण बहुमुखी क्याम्पसको भावी कार्ययोजना/अवसर र चुनौतिहरु

वरुण बहुमुखी क्याम्पसको स्थापनाकालदेखि हालसम्म जे जति प्रगती भएको छ यसमा मात्र सिमित नभई यसका अझै धेरै आवश्यकताहरु रहेका छन् र ति समय सापेक्ष आवश्यकताहरुलाई दश वर्षे रणनैतिक योजनामा निर्दिष्ट गरिएको छ । यी कार्ययोजनाहरुलाई अल्पकालिन र दीर्घकालिन योजनाको रुपमा निम्नानुसार प्रस्तुत गरिएको छ ।

### ६.१. भौतिक विकास

**क) अल्पकालिन योजना**

- सफा र स्वास्थ्य चमेना गृह क्यान्टीन निर्माण गर्ने
- पुस्तकालय भवन निर्माण भएको छ समय सापेक्ष पुस्तकहरु थप गर्दै लाने
- टेवल टेनिस र व्याडमिण्टन कोर्टको निर्माण गर्ने
- सुरक्षित र स्वाच्छ खानेपानीको व्यवस्था गर्ने

**ख) दिर्घ कालिन योजना**

- क्याम्पसको भौतिक पूर्वाधार निर्माणकालागि गुरु योजना (Mster Plan) को निर्माण गर्ने
- थप कक्षा कोठाकालागि ४ कोठे भवन निर्माण गर्ने
- वास्केट वल कोर्ट निर्माण गर्ने
- बगैचा र पार्क निर्माण
- क्याम्पस क्षेत्र पुरा तारबार निर्माण

### ६.२. शैक्षिक विकास

**क) अल्पकालिन योजना**

- स्नातक तह शिक्षा संकायमा ऐच्छिक गणित विषयको पठनपाठनको थालनी गर्ने
- स्नातक तह मानविकिमा ऐच्छिक सामाजिक कार्य (Bachelor of Social Work BSW)
- स्नातकोत्तर तहमा समाजशास्त्र र गामिण अध्ययन विषयहरु थप गर्न पहल गर्ने
- परिवर्तित पाठ्यक्रम अनुसार पुस्तकायमा पुस्तकहरु थप गरिने

- आन्तरिक परीक्षाहरुलाई थप प्रभावकारी वनाइ उत्तीर्ण प्रतिशतलाई वृद्धि गरिनेछ ।
- शिक्षकहरुलाई व्यक्तिगत ल्यापटप वितरण गरिएको छ र अध्ययन अध्यापनलाई स्मार्ट टि.भि. एवं मल्टिमिडियाको सहायताले प्रभावकारी शिक्षण गराउने ।
- सूचनाकेन्द्रको प्रभावकारी रुपमा संचालन गरिने
- व्यवस्थापन विषय समूहका विद्यार्थीहरुलाई इन्टर्नसिपको लागि व्यवस्था मिलाउने
- शिक्षा शास्त्र संकायका विद्यार्थीहरुलाई आधारभुत शीप विकास तलिम संचालन गर्ने
- स्नातक प्रथम वर्षका लागि आधारभुत कम्प्युटर शिक्षा दोस्रो र तेस्रो वर्षका विद्यार्थीहरुकालागि अनुसन्धान पद्धति तालिमको आयोजना संचालन गर्ने

**ख) दीर्घकालिन योजना**

- व्यवस्थापन संकायमा स्नातकोत्तर तह थप गर्ने
- कम्प्युटर विज्ञान विषय र आम संचार विषय थप गर्न पहल गर्ने
- आगामी शैक्षिक सत्रबाट व्यवसायिक विषयहरुको पठनपाठनका लागि आवश्यक पहल गर्ने

## ६.३. मानवीय संसाधन विकास

**क) अल्पकालिन योजना**

- विश्वविद्यालय तथा उच्च माध्यमिक शिक्षा परिषदबाट संचालन गरिने विभिन्न तालिम गोष्ठि र अनुसन्धानहरुमा प्राध्यापकहरुलाई निरन्तर सहभागि गराइने
- कार्यरत प्राध्यापक तथा कर्मचारीहरुको लागि अक्षय कोष तथा निवृत्तिभरण कोषको सिर्जना भएको छ त्यस कोषलाई निरन्तरता दिइने ।
- कार्यरत प्राध्यापक र विद्यार्थीहरुलाई शोधकार्यमा प्रोत्साहित गर्ने र आवश्यक वजेट सहित सहयोग गर्ने
- विभिन्न योजना कर्याक्रमहरुमा क्याम्पसको भौतिक, शैक्षिक विकासकालागि विभिन्न दातृ निकायहरुमा प्रस्तावनाहरु पेश गर्दै जाने

**ख) दिर्घ कालिन योजना**

- वरुण बहुमुखी क्याम्पसलाई शैक्षिक परामर्श तथा अनुसन्धान केन्द्रको रुपमा विकास गर्ने

- प्राध्यापकहरुको क्षमता अभिवृद्धिका लागि शैक्षिक अध्ययन भ्रमणहरु संचालन गरिने
- उच्च शिक्षा अध्ययनकालागि योजना कार्यक्रम वनाई प्राध्यापकहरुलाई एम.फिल, पि.एच डि कालागि वातावरण सृजना गर्ने

**६.४. खेलकुद विकास**

**क) अल्पकालिन योजना**

- वास्केटवल र व्याडमिण्टन कोर्ट निर्माण गरिने
- विभिन्न योग शिविरहरु क्याम्पसमा संचालन गर्न प्रोत्साहन गर्दै जाने

**ख) दिर्घ कालिन योजना**

- क्याम्पसको समन्वय र प्रचार प्रसारकालागि वार्षिक रुपमा कुनै निश्चित खेलमा जिल्लास्तरीय वा खुल्ला खेलकुद प्रतियोगिताको आयोजना गरिने ।

**६.५. विद्यार्थी क्षमता अभिवृद्धि विकास कार्यक्रम**

- विद्यार्थीहरुको चारित्रिक, शारिरीक, मानसिक विकासका लागि साहित्य, सांगितिक योग शिविर र खेलकुदका कार्यक्रम र अन्य रचनात्मक कार्यक्रमहरु संचालन गरिने
- विद्यार्थीहरुको व्यवहारिक क्षमता अभिवृद्धिका लागि युवा विकास तालिमलाई निरन्तरता दिने
- यसै शैक्षिक सत्रबाट नमुनाको रुपमा सहभागितात्मक सिकाई शिक्षाको शुरुवात गरिने
- जिल्लामा संचालित विभिन्न योजना कार्यक्रमहरुमा अधिकाअधिक विद्यार्थीहरुलाई सामेल गर्ने

**६.६. सुल्क सहुलियत एवं सछात्रबृत्ति कार्यक्रम**

- हाल भइरहेको छात्राबृत्तिकोषलाई वृद्धि गरिदै लगिने र दाताहरुको खोजी गने
- हाल प्रदान गरिदै आएको छात्रवृत्ति रकम वृद्धि गरी थप गरिब, जेहेन्दार, पिछडिएको वर्ग र द्वन्द्व प्रभावित परिवारका विद्यार्थीहरुलाई छात्रावृत्ति प्रदान गरिने ।
- गरीब, दलित, विपन्न र महिला विद्यार्थीहरुलाई छात्रवृत्तिका लागि अक्षयकोष स्थापना गर्न दाता अभिभावकहरुलाई प्रोत्साहित गर्ने ।

### ६.७. अतिरिक्त पाठचक्रम निर्माण

वरुण बहुमुखी क्याम्पसमा अध्ययनरत विद्यार्थीहरुलाई शैक्षिक हिसावले मात्र नभई व्यवसाइक तवरले समेत दक्ष वनाउने उद्देश्यले अतिरिक्त पाठ्यक्र निर्माण गरी संचालन गरिने छ। स्नातक तह प्रथम वर्षमा आधारभुत कम्प्युटर शिक्षा, स्नातक तह दोस्रो वर्षमा अनुसन्धान मुलक शिक्षा र स्नातक तह तेस्रो वर्षलाई व्यवसाइक शिक्षाको पाठयक्र तयार गरी अभिमुखिकरण कार्यक्रमहरुको व्यवस्था गरि कार्यान्वयन गरिने छ।

# अध्याय ७.

# अन्य विकासात्मक रणनिति

## ७.१ स्रोत व्यवस्थापन/परिचालन

- यस आ.व.मा QAA Process का लागि क्याम्पसको स्व अध्ययन प्रतिवेदन (SSR) तयार गरी विश्वविद्यालय अनुदान आयोगमा पेश गर्ने
- शिक्षक कर्मचारीहरुको व्यवस्थापनकालागि सेवा नियमावली निर्माण गरी कार्यान्वयन गर्ने
- निगुरे साना जल विद्युत प्रा.लि.को भौतिक पूर्वाधार (Feasibility Study) अध्ययन गरि थप पावर वृद्धि गरि क्याम्पसको दिगो आय श्रोतको रुपमा विकास गर्ने
- हाल क्याम्पसको मातहतको खालि जमिनमा रुद्राक्ष तथा अम्लिसो रोपण गर्दै आय आर्जनमा जोड दिदै लैजाने ।
- थप अनुदानका लागि विश्व विद्यालय अनुदान आयोग राष्ट्रिय परीक्षा वोर्डमा पहल गर्ने ।
- भौतिक पूर्वाधार विकासका लागि नेपाल सरकार संघ, प्रदेश, जिल्ला, नगर र गाउँ पालिका सरकारहरुमा पहल गर्ने ।
- अन्य विभिन्न सरकारी र गैरसरकारी संघसंस्थाहरुमा समन्वय र सहकार्यकालागि योजना कार्यक्रमहरु पेश गर्ने ।
- क्याम्पसको भौतिक, शैक्षिक र मानवीय क्षमता विकासका लागि आवश्यक श्रोत जुटाउन अभिभावक तथा सम्वन्धित पक्षहरुसंग समन्वय गर्दै जाने ।
- प्राध्यापक, विद्यार्थी र कर्मचारीहरुलाई अधिक भन्दा अधिक अनुसन्धान मुलक विषयहरुमा सहभागि गराउने र स्थानीय जनताको आवश्यकताको विषयवस्तुहरुको पहिचान गर्ने ।
- क्याम्पसले आगामी वर्षकालागि रणनैतिक योजना (Strategic Plan 2078 and, Revise 2082) निर्माण गर्ने र प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

### ७.२. समन्वय र सहकार्यः

भौतिक पूर्वाधार विकास, शैक्षिक विकास र मानवीय क्षमता विकासका लागि आवश्यक स्रोत विकासका लागि संघ प्रदेश गाउँपालिका नगरपालिका, जिल्ला विकास समिति, विश्वविद्यालय अनुदान आयोग, उच्च माध्यमिक शिक्षा परिषद्, शिक्षा मन्त्रालय, भारतीय दुतावास, ब्रिटिस काउन्सिल, कुनिना र अन्य सरकारी र गैरसरकारी निकायहरुसग समन्वय र सहकार्य गरिने छ ।

### ७.३. क्याम्पसमा समाजको सहभागिता तथा सामाजिक उत्तरदायित्व बडाउने योजना

क्याम्पसले वार्षिक रुपमा संचालन गर्दै आएका तपशिलका कार्यक्रमहरुमा अभिभावकहरुको सहभागिता गराउने

१. वार्षिक अभिभावक दिवस तथा वार्षिकोत्सव कार्यक्रम आयोजना गरिने र अभिभावकहरुलाई सकृय सहभागिता गराउने
२. क्याम्पसले आयोजना गरिने साप्ताहिक मासिक तथा अर्धवार्षिक रुपमा संचालन गरिने सांस्कृतिक, साहित्यीक कार्यक्रमहरुमा अभिभावकहरुलाई सकृय सभागि गराउने
३. सामाजिक तथा राष्ट्रिय स्तरका कार्यक्रमहरु, विश्व वातावरण दिवस, संविधान दिवस, नारि दिवस लगायतका दिवसहरुमा रचनात्मक कार्यक्रमहरु संचालन गरी अभिभावकहरुको सहभागि गराउने
४. समुदायको समस्याहरुको पहिचान गर्ने र अध्ययन अनुसन्धान गरी समाधानका उपायहरु समुदायलाई प्रतिवेदनको रुपमा उपलव्ध गराउने ।
५. सामाजिक जनचेतनाका कार्यक्रमहरु (Social Campion) संचालन गर्ने

**अध्यय ८.**

## क्याम्पसको अवसर, चुनौती र सुझावहरु

यस वरुण बहुमुखी क्याम्पस संखुवासभा जिल्लाको सदरमुकाम क्षेत्रमा अवस्थित छ । साथै जिल्लाको सवै भन्दा पुरानो हुनका साथै स्थानीय अभिभावकहरुाको पूर्ण सहयोग र सद्रभावमा संचालित छ । यस क्याम्पसको मातहतमा १०० रोपनि जमिन र आफ्नै निजी भवनहरु छन् । यसका अनेकौ अवसरहरु रहेको छ जसलाई देहाय अनुसार उल्लेख गर्न सकिन्छ ।

### ८.१ अवसरहरु

१. खाँदवारी नगर क्षेत्रका प्रत्येक वडाहरुलाई न्यूनतम २ जना विद्यार्थीहरुलाई उच्च शिक्षा अध्ययनकालागि छात्रवृत्ति कार्यक्रम संचालन गर्न योजना वनाउन सकिने

२. सिपमुलक व्यसायिक र प्राविधिक विषयहरु पठनपाठनका लागि नया कार्यक्रमहरु थप गर्न सकिने

३. शिक्षण शिकाई र मूल्याङ्कन प्रणालीमा नव प्रवर्धन र आधुनिकिकरण गरी अगाडी वड्न सक्ने

४. विद्यार्थीहरुलाई अनुसन्धान सम्वन्धि गतिविधिमा संलग्न गरी क्षमता विकासमा उत्प्रेरणा गर्न सकिने

५. भौतिक पूर्वाधार विकासकालागि १०० रोपनी जग्गाको उपलव्धता भएको हुँदा गुरु योजना वनाई आवश्यक थप पूर्वाधार विकास गर्न सकिने

६. यातायातको पूर्वाधार विस्तार भई रहेको हुँदा निकै ठूलो भौगोलिक क्षेत्रलाई समेट्न सकिने

७. छात्रवृत्ति तथा शैक्षिक शुल्क उपलव्ध गराउन चाहने दाताहरुको खोजी गर्न सकिने

८. स्थानीय, राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरसम्म क्याम्पसको सूचना प्रणाली विस्तृत गरी क्याम्पसको जानकारी सवैठाउमा पुऱ्याउन सकिने र अन्य सम्वन्धित विश्व विद्यालयहरुसंग समन्वय सहकार्य गर्न सकिने

९. आन्तरिक सूचना तथा संचारलाई आधुनीकीकरण गरी प्रविधि मैत्रि वनाउन सकिने

१०. क्याम्पसको समग्र विकासमा सरोकारवालाहरुको समन्वय सहयोग तथा योगदानलाई अझ प्रभावकारी एवं विशिष्ठिकृत गर्न सकिने

११. विद्यालय स्तरमा विद्यार्थी संख्या वढिरहेको अवस्थामा उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थी संख्या वढाउनकालागि प्रोत्साहित गर्न सकिने

१२. शिक्षक, प्राध्यापकहरुलाई उच्च शिक्षा अध्ययन तथा अनुसन्धानमुखी कृयाकलापमा समावेश गरी प्राज्ञिक स्तर उन्नति गर्न सकिने

१३. वातावरणिय सुधार तथा पर्यावरण सन्तुलनकालागी यस क्याम्पसमा गार्डेनिङ्ग सवन्धित योजना कार्यन्वयन गर्न सकिने

## ८.२ समस्या र चुनौतिहरु

वरुण बहुमुखी क्याम्पसको अनेकौ अवसरहरु रहेता पनि मानविय चाहना र परिवर्तित समय सापेक्ष समस्या र चुनौतिहरु हाम्रा सामु विद्यामान छन् । जस्लाई यस प्रकार उल्लेख गरिएको छ ।

१. त्रिभुवन विश्वविद्यालय तथा राष्ट्रिय परीक्षा वोर्डले निस्चित र उपयुक्त शैक्षिक क्यालेण्डर वनाउन नसक्नु र शैक्षिक योजना कार्यक्रमहरु प्रभावकारी ढंगले कार्यान्वयन गर्न कठिन ।

२. स्नातक तहको अध्ययन ४ वर्षे र वार्षिक पाठचभार ६०० पूर्णाङ्कको भई पठ्यार लाग्दो हुनु

३. समयमा परीक्षा संचालन र नतिजा प्रकासन हुन नसक्दा विद्यार्थीहरुको लामो समय खेर जाने

४. राजनैतिक अस्थिरताको कारण देशमा हुने वन्द हड्ताल, अनिर्णय आदिको प्रत्यक्ष प्रभाव विद्यार्थीहरुमा पर्नु र अध्ययन अध्ययपन प्रति वितृष्णा आउनु ।

५. समय सापेक्षा पाठचक्रममा परिवर्तन हुन नसक्नु ।

६. शैक्षिक पाठचक्रमहरु व्यवसाय उन्मुख र व्यवहारिक एवं परिवर्तित विज्ञान र प्रविधि अनुरुपको पाठचक्रम नहुनु ।

७. पर्याप्त भौतिक सुविधा र शैक्षिक सामग्रीहरुको अभाव हुनुका साथै दक्ष जनशक्ति सहजै उपलव्ध हुन नसक्नु ।

८. प्राध्यापक तथा कर्मचारीहरुको संख्या न्यून हुनु र कार्यभार वढी हुनु ।

९. क्याम्पसको नियमित र दिगो आन्तरिक आम्दानीको श्रोत नहुनु ।

१०. राष्ट्रिय परीक्षा वोर्डले सामुदायिक विद्यालयहरुलाई मात्र अनुदान दिने र सामुदायीक क्याम्पसहरुलाई अनुदान नदिने विभेदकारी नीति हुनु ।

११. अप्रत्यासित रुपमा कोभिड १९, कोरोना भाइरस र ओमीक्रोनको प्रकोप र डेगी प्रकोप भई नियन्त्रण गर्न कठिन हुनु

### ८.३. सुझावहरु तथा समाधानका उपायहरु

१. विश्व विद्यालय अनुदान आयोगले अघि सारेको गुण स्तरिय सुधार प्रत्ययन (QAA) कार्यक्रममा एकजुट भएर लाग्नु पर्ने र QAA पाप्ती नै अन्तिम लक्ष वनाउनु पर्ने

२. क्याम्पसको दीगो आर्थिक श्रोतको पहिचान गर्ने वा सरकारले ५० प्रतिशत अनुदान दिनु पर्ने

३. क्याम्पसले निर्माण गरेको रणनैतिक योजनाको पूर्ण कार्यान्यन गर्नु पर्ने ।

४. स्थानीय आवस्यकता र वस्तुस्थितीलाई मध्यनजर गरी समय सापेक्ष अध्ययन अध्यापनका विषयहरुको छनौट तथा थप गर्दै लगिनु पर्ने ।

५. अध्ययन अध्यापनमा प्राविधिक एवं व्यवसायिक विषयहरुको खोजी र संचालन गर्दै जानु पर्ने ।

६. अध्ययन अध्यापनका विषयहरुलाई सके सम्म प्रयोगात्मक र व्यवहारिक वनाउदै लानु पर्ने ।

७. अनुसन्धानमुलक शिक्षामा विशेष जोड दिनपर्ने ।

८. क्याम्पसले आन्तकि आम्दानीको दीगो श्रोत पहिचान एवं खोजी गरी लगानी गर्नु पर्ने ।

९. उच्च शिक्षा अध्ययन अध्यापन गर्ने गराउने संस्थाहरुलाई सरकारले अनुदान दिनु पर्ने वा वि.वि. अनुदान आयोगवाट उपलव्ध हुने अनुदानको मात्रामा वृद्धि गर्नु पर्ने

१०. क्याम्पस सम्वद्ध अभिभावकहरुले सकारात्मक सोंचका साथ क्याम्पस व्यवस्थापनमा निरन्तर सहयोग हुन पर्ने ।

११. क्याम्पसकालागि आवश्यक पूर्ण कक्षा संचालनकालागि थप भवनको निर्माण गर्दै लगिनु पर्ने ।

१२. समय सापेक्षा वैज्ञानीक शैक्षिक सामग्रीहरुको आपुर्ति गर्दै लानु पर्ने

# अध्याय ९ आर्थिक प्रगति तथा विश्लेषण

वरुण बहुमुखी क्याम्पस मुनाफारहित र सामुदायिक क्याम्पसको रुपमा जनस्तरमा संचालित क्याम्पस हो । यस क्याम्पसको प्रमुख श्रोतको रुपमा विद्यार्थीहरुको शिक्षण शुल्क नै हुन भने अन्य विभिन्न सरकारी तथा गैह्र सरकारी निकायहरुवाट प्राप्त अनुदानहरु र दानदातव्यहरु यसका आर्थिक श्रोत हुन । क्याम्पसले आर्थिक पारदर्शिताका लागि क्याम्पसको विधान अनुसार गठित आन्तरिक लेखा परीक्षण समितिले सार्वजनिक लेखापरीक्षण गर्ने र सो प्रतिवदेदनको अधारमा वाह्य लेखा परिक्षण गर्ने प्रचलन रहेकोछ । यस आ.व. २०७८/०७९ को अन्तिम तथा वाह्य लेखा परिक्षण नेपाल चार्टर एकाउण्टेन संस्था (Nepal Charterd Account Association) का रजिष्टर लेखारिक्षक श्री विश्वेश्वर घिमिरे दर्ता नं ०६८८ वाटसम्पन्न गरिएकोछ । सो लेखा परिक्षण प्रतिवेदन अनुसार क्याम्पसको विगत तीन बर्षको आम्दानी, खर्च र पूँजीगत खर्चको तुलानात्मक विवरणलाई देहाय अनुसारको तालिकामा संक्षिप्त रुपमा पेश गरिएकोछ । विस्तृत प्रतिवेदन यसै प्रतिवेदनको अनुसुचीमा संलग्न गरिएकोछ ।

| विवरण | आ.व. २०७६/०७७ | आ.व. २०७७/०७८ | आ.व. २०७८/०८९ | कैफियत |
|---|---|---|---|---|
| कुल कारोवार | ३,१९,०१,७१४.१३ | ९५,०३५,४४३.८५ | ११०,६३७,६६१.८० | प्राप्ती भुक्तानी |
| कुल आम्दानी | १,६०,९२,६७२.०६ | १३,२१६,२९७.२२ | २९,४५६,०२८.२९ | |
| संचालन खर्च | १,७०,५८,६५०.४६ | १३,७१६,४३५.६५ | २१,९९२,९४२.७९ | |
| पुंजिगत खर्च | २५,४०,५९९.०४ | १,६१२,१७४.०० | १,२७७,८७३.७० | |
| वचत | -९,६५,९७८.४० | -२,११२,३१२.४३ | ६,१८५,२११.८० | |
| सम्पति | ६,८३,१६,०५५.१९ | ६६,४३८,३९२.१८ | ७४,०४०,४२१.५८ | |

विगत वर्षहरुको लेखा परीक्षणको प्रतिवेदनलाई हेर्दा प्रत्येक वर्षमा आम्दानी र खर्चहरु वृद्धि भएको अवस्था रहेको छ । आम्दानी खर्च वृद्धि हुनुमा विद्यार्थीहरुको संख्या सो अनुसार शिक्षक कर्मचारीहरुको संख्या थप तथा समया सापेक्ष तलव भत्ताहरुमा वृद्धि मुख्य रहेकोछ । यस वार्षिक प्रतिवेदन तथा क्याम्पसको लेखा परीक्षण प्रतिवेदनलाई क्याम्पसको वार्षिक प्रतिवेदनमा प्रस्तुती भई अनुमोदन गरिनेछ । लेखा परीक्षणको प्रतिवेदनलाई यसै प्रतिवेदनको अनुसूचीमा संलग्न गरिएकोछ ।

## अध्यय १०.

### वरुण बहुमुखी क्याम्पसको आ.व.२०७९/०८० को अनुमानित आयव्यय विवरण

वरुण बहुमुखी क्याम्पस सामुदायिक र जनस्तरमा संचालित गैह्न नाफामुलक संस्था हो यस संस्थाको आम्दानीको मुख्य श्रोत भनेकै विद्यार्थी शुल्कहरु हुन यसका साथै यस संस्थाले सरकारका विभिन्न नियकायहरु, गैह्र सरकारी संघ संस्थाहरु, विश्वविद्यालय अनुदान आयोग लगायत अन्य विभिन्न दान दातव्यहरु यस संस्थाको आम्दानीको श्रोत हुन् । विगत वर्षहरुको आम्दानी र खर्चको आधारमा यस आ.व. २०७९/०८० को लागि अनुमानित आम्दानी खर्चको प्रक्षेपण गरिएको छ । यस वर्ष कुल अनुमानित आम्दार्नी रु ३,८०,७३,५९२/- हुने छ र यस आम्दानी मध्ये अनुमानित पूजीगत खर्च रु १,१०,००,०००/- हुने र अन्य संचान खर्च हुनेछ। पूजीगत खर्च र संचालन खर्च कटाई यस आ.व. मा अनुमानित रु १,३७,६९४/- वचत हुने गरीको योजना कार्यक्रम सहितको वजेट प्रक्षेपण गरिएको छ। सो वजेट २०७९ पौष महिनावाट कार्यान्वयनमा ल्याइनेछ। क्याम्पसको पूर्ण आम्दानी खर्चको विवरण यसै प्रतिवेदनमा संलग्न गरिएकोछ र सो प्रतिवेदन क्याम्पसको ३७औ वार्षिकोत्सव एवं अभिभावक दिबस समारोह आमसभामा पेश गरि अनुमोदन गरिनेछ। यस प्रतिवेदनलाई वरुण दर्पण अंक ९ वर्ष ९ मा छपाई प्रकाशन गरिनेछ।